नेपालको पहिलो बौद्ध मासिक

# आनन्द भूमि

२०७१ मंसिर पूर्णिमा/योमरि पुन्हि- वर्ष ४२ अंक ८
बु.सं. २५५८ ने.सं. ११३५

The Ananda Bhoomi (Year 42, Vol. 8)
A Buddhist Monthly : December/Jan. 2014

*प्रमुख सल्लाहकारः*
**भिक्षु मैत्री महास्थविर** (प्रमुख, आ. कु. वि.)

*सल्लाहकार :*
**भिक्षु धर्ममूर्ति** (कार्यवाहक प्रमुख, आ.कु.वि.)

*व्यवस्थापन तथा वितरक :*
**भिक्षु पियदस्सी,** आनन्द कुटी विहार, ४२७१४२०

*व्यवस्थापन सहयोगी :* **भिक्षु सरणंकर**

*वितरण सहयोगी :* **विवेक महर्जन**

*लेखा व्यवस्थापन :* **सुरेश महर्जन,** स्वयम्भू

*आवरण डिजाइन/भित्री सेटिङ्ग :* **विनोद महर्जन**

*कम्प्यूटर सज्जा :* **राजकुमार छुका, ख्वप**

*सम्पादन सहयोगी :* **भिक्षु अस्सजि**

*सम्पादक/प्रकाशन संयोजकः*
**कोण्डन्य**
बुद्धविहार भृकुटीमण्डप, ४२२६७०२

***वितरणार्थ सहयोगीहरुः***
बुद्धजयन्ती समारोह समिति (श्रीघः), शर्मिला श्रेष्ठ (बौद्ध वृद्धाश्रम-बनेपा), अ. इन्द्रावती, सरिता अवाले (ललितपुर), सुश्री वीणा कंसाकार (बौद्ध महिला संघ, नेपाल), सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, सुवर्णमुनि शाक्य (भैरहवा), विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेनी), ज्ञानमाला संघ (तानसेन), बलबहादुर गाहा (पाल्पा), कृष्णप्रसाद शाक्य (बाग्लुङ्), विजय गुरूङ्ग (लमजुङ्), शैनी चौधरी (पूजारी लामा) सप्तरी ।

*मुद्रणः*
**आईडियल प्रिन्टिङ्ग प्रेस**, ग्वार्को, फोनः ५००७५६३
शाखा : पुल्चोक, फोन : २१२०२३५

*प्रकाशकः*
**आनन्दकुटी विहार**
आनन्द कुटी विहार, स्वयम्भू, फोनः ४२७१४२०
*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*

## बुद्धवचनामृत



**मा पियेहि समागञ्छि – अप्पियेहि कुदाचनं ।**
**पियानं अदस्सनं दुक्खं – अप्पियानञ्च दस्सनं ॥**

अर्थात् : प्रिय र अप्रिय दुबैको संगत नगर, किन कि प्रेमीलाई नदेख्दा पनि र अप्रेमीलाई देख्दा पनि दुःख हुन्छ ।

प्रिय व अप्रियपिं नाप संवास याये मते, प्रियपिं मखनेवं नं दुःख जुइ, अप्रियपिं खनेवं नं दुःख जुइ ।

Let no man ever cling to what is pleasant, or to what is unpleasant. Not to see what is pleasant is pain, and it is pain to see what is unpleasant.

**– धम्मपद, २१०**

*सम्पर्क कार्यालय*
**आनन्द भूमि**
**आनन्दकुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।**
**फोनः ४२७१४२०**
E-mail : anandakutivihar@gmail.com
gkondanya@gmail.com
info@anandabhoomi.com
Website: anandakutivihar.com.np
**www.anandabhoomi.com**

**वार्षिक रू. १५०/– एकप्रति रू. १५/– वार्षिक ग्राहक बनी सहयोग गरौं ।**

## अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन सम्पन्न

लुम्बिनीको समुचित विकासका लागि बुद्धधर्मसम्बद्ध क्षेत्र बौद्ध संघसंस्था, नेपाल सरकारको जिम्मेवार निकाय लुम्बिनी विकास कोषलगायत सरोकारवालाहरूको चासोअनुरूप विभिन्न समयमा क्षेत्रिय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा, सेमिनार, सम्मेलनजस्ता भिन्न भिन्न कार्यक्रमहरूको आयोजना निरन्तररूपमा भइरहनु सम्बद्ध सबैका लागि सुखद् विषय हो ।

यसै क्रममा विश्वसम्पदा सूचीकृत बुद्धको जन्मभूमि लुम्बिनीको सम्पदा र संस्कृतिको प्रवर्द्धन, सुरक्षा एवं संरक्षण गर्ने अभिप्रायसहित (International Buddhist Conference on Promotion, Protection and Preservation of Buddhist Culture and Heritage) थेरवाद बुद्धिष्ट एकेडेमी, नेपाल र सितागु इन्टरनेसनल बुद्धिष्ट एकेडेमी, म्यानमारको संयुक्त तत्त्वावधानमा लुम्बिनीस्थित म्यानमार विहार परिसरमा नेपालका सम्माननीय राष्ट्रपति डा. रामवरण यादवबाट विधिवतरूपमा समुद्घाटन गर्नुभएपछि गत कार्तिक २९ देखि मंसिर २ गतेसम्म (15-18 November, 2014) अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन सम्पन्न भएको छ । सम्मेलनमा अवधिभित्र विशेषतः "१) **बौद्ध सम्पदा क्षेत्र लुम्बिनीको सुरक्षा एवं संवर्द्धन**, २) **विश्व बौद्धसम्पदा क्षेत्रहरुको सुरक्षा एवं संवर्द्धन**, ३) **बौद्ध संस्कृतिको संरक्षण तथा संवर्द्धन**, ४) **बौद्ध शिक्षा प्रणाली**" विषयमा झण्डै स्वदेशी तथा विदेशी सयजना जानकारहरूले मूलतः चारवटा विषयमा केन्द्रित भएरै पुगनपुग सयवटा कार्यपत्र प्रस्तुत गरी नेपाल सरकार तथा सम्बद्ध विश्व बौद्ध जगतको ध्यानकर्षण गर्दै उपलब्धिमूलक हुने २३ बुँदे घोषणा-पत्र जारी गरी विश्व बौद्ध सम्मेलन सम्पन्न भएको छ ।

घोषणा-पत्रमा उल्लेखित बौद्ध-सम्पदाको संरक्षण, संवर्द्धन तथा सुरक्षा एवं स्थानीय सहभागितासम्बन्धी चेतना अभिवृद्धि, बुद्धशिक्षाको प्रचारप्रसार, बौद्धहरूको सामाजिक एवं विविध समस्या बारे सम्बोधन गर्नुपर्ने पक्षलाई कार्यान्वयनमुखी बनाउन सफल होस्, विगतमा झैं घोषणा-पत्रमैं सीमित नहोस् भनी जनस्तरले कामना गरेको छ । यसरी नै स्थानीयस्तरममा कार्यक्रम आयोजना गर्दा त यावत कमीकमजोरी हुन्छन् भने जनस्तरबाट आयोजित अन्तर्राष्ट्रिय सम्मेलनमा पनि केही कमीकमजोरी हुनु स्वाभाविक नै हो । कसैबाट हुने/गर्ने कमीकमजोरीसम्बन्धी आलोचना, प्रतिकृया, सुझावलाई निषेध होइन, त्यसलाई सकारात्मक रूपले आत्मसात गर्नसके भविष्यका लागि रचनात्मक पाठ हुनेछ । विभिन्न कठिकाइका बावजूद पनि थेरवाद बुद्धिष्ट एकेडेमी, नेपालका अध्यक्ष डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर तथा सितागु इन्टरनेसनल बुद्धिष्ट एकेडेमी, म्यानमारका अध्यक्ष डा. भिक्षु ञाणिस्सर महास्थविरले संयुक्त रूपमा ऐतिहासिक सम्मेलन आयोजना गर्नुभयो, यो आफैमा उल्लेखनीय सम्मेलन भएको छ, उहाँहरू लगायत सम्बद्ध सम्पूर्ण सहयोगीहरूलाई आनन्द-भूमि साधुवाद व्यक्त गर्दछ ।

## सम्पादकीय

## अन्ततः लुम्बिनीमा उपकुलपति नियुक्त

लुम्बिनी बौद्ध विश्वविद्यालयमा गत फागुन २८ देखि उपकुलपति पद रिक्त भएदेखि सम्बद्ध बौद्धहरूले उपकुलपति नियुक्ति बारे अत्यन्त संवेदनशील भई चासो राखेका थिए । सो पदका लागि बाह्य तथा आन्तरिक रूपमा आ-आफ्नो क्षेत्रबाट लबिङ्ग समेत भए । संवेदनशीलताको नाउँमा बौद्धहरू बीच विभाजित मानसिकताले प्रस्रय पाउनु हुँदैन भन्नेतिर निरन्तररूपमा बौद्धहरूको ध्यानाकृष्ट भएकै हो । वस्तुतः भविष्यमा राजनीतिक हस्तक्षेपबाट मुक्त बनाई लु.बौ.वि.वि.लाई सम्बद्ध तथा सरोकार क्षेत्रअन्तर्गत स्वतन्त्र प्राज्ञिक निकायका रूपमा विकास गर्दैलानु दीर्घकालीन आवश्यकता हो ।

लु.बौ.वि.वि. को पहिलो उपकुलपति प्रा. डा. तिर्थराम वैद्यको कार्याकालमा खासै उपलब्धिमूलक कार्य हुन सकेन । लु.बौ.वि.वि. को दोस्रो उपकुलपति प्रा. डा. त्रिरत्न मानन्धरले आफ्नो कार्याकालमा नेपालका थेरवाद, महायान, वज्रयान बुद्धधर्मसम्बद्ध क्षेत्रलाई समेट्ने प्रयासस्वरूप विश्वविद्यालय सभाको गठन, विद्यावारिधिदेखि स्नातकोत्तर, स्नातकसम्म अध्ययन-अध्यापन प्रारम्भलगायत लु.बौ.वि.वि.ले विभिन्न ५ वटा विषयमा स्नातकोत्तर अध्ययन गर्ने कलेजलाई सम्बन्धन प्रदान, लुम्बिनीमैं विश्वविद्यालयको आङ्गिक कलेज एवं भवन निर्माण गर्न सफल भए ।

जुन उद्देश्य र अभिप्रायसहित लु.बौ.वि.वि.को स्थापना गरिएको थियो, त्यसलाई नकारात्मक असर पर्ने कार्यव्यवहारप्रति समस्त बौद्धहरू सचेत हुनै पर्छ । नेतृत्व तहमा रहनेहरूको व्यक्तिगत छवि पनि उत्तिकै स्वच्छ हुनुपर्छ । लु.बौ.वि.वि.को स्वस्थ प्राज्ञिक विकासका लागि दीर्घकालीन तेतृत्व दिनसक्ने, लु.बौ.वि.वि.लाई निरन्तर विकासतर्फ अगाडि बढाउने, थेरवाद-महायान-वज्रयानलाई समेटिएर अगाडि बढ्न सक्ने, राजनीतिक भागबन्दा र कोटाभन्दा पनि बौद्धहरूको समष्टिगत भावनालाई समेट्ने उपयुक्त व्यक्तित्व लु.बौ.वि.वि.लाई खाँचो रहेको सम्बद्ध बौद्धहरूले माग एवं चाहना राखेका थिए ।

झण्डै ८ महिनापछि अन्ततोगत्वा हालसालै नेपाल सरकारले प्रा. डा. नरेशमान वज्राचार्यलाई लुम्बिनी बौद्ध विश्वविद्यालयको गरिमामय उपकुलपति पदमा नियुक्त गरेको छ । नवनियुक्त उहाँ उपकुलपतिले थेरवाद, महायान तथा वज्रयानी धार्मिक परम्पराअनुरूप संयुक्त रूपमा आशीर्वचनसहित आफ्नो प्रशासकीय कार्यभार सम्हालेर आफू मिलेरै अगाडि बढ्ने रचनात्मक सन्देश प्रवाह गर्नुभयो । कार्यभार सम्हाले लगत्तै उहाँले कुर्सिमोहभन्दा टाढा रहेर, यौटा भिजनसहित गर या मर अर्थात् केही गरेरै देखाउने, नसके छोड्ने, लेसोझै टाँसिएर कुर्सि ओगटेर नबस्ने सकारात्मक अभिव्यक्ति दिनुभयो । लु.बौ.वि.वि.को स्थापना कालदेखि सम्बद्ध रहेको, आफू भिजनसहितको उपयुक्त उम्मेदवार भएको दावा गर्ने प्रा. नरेशमान वज्राचार्यलाई ठूलो अवसस मिलेको छ भने चुनौती समेत थपिएको छ । उहाँले उपकुलपति हुनका लागि कबुलेका आयामिक सकारात्मक योजनालाई कार्यान्वयन गर्न सम्बद्ध सबैलाई समेटिएर, सहकार्य रूपमा अगाडि बढ्न सके भविष्य उज्ज्वल देखिन्छ । त्यसका लागि नवनियुक्त उपकुलपतिले व्यक्तिवादी चरित्रभन्दा समष्टिगत भावनालाई समेटेर अगाडि बढ्नु तथा सम्बद्ध बौद्ध संघसंस्था, लु.बौ.वि.वि. पदाधिकारी एवं कर्मचारीहरूको होस्तेमा हैंस्ते कार्य हुनसके आयामिक विकास कार्य सम्भव हुने नेपाली बौद्ध जगतको सदीच्छा रहेको छ ।

# विषय–सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | स्वधर्मे निधनं श्रेय:"" | भद्न्त सम्यक् सम्बोधि प्राणपुत्र | ४ |
| २. | बुद्धिजम् र कम्यूनिजम्लाई नियाल्दा | तिलकमान गुभाजु | ६ |
| ३. | बुद्धकालीन वाणिज्यको अवस्था : एक अध्ययन | छत्रराज शाक्य | ११ |
| ४. | आजको आवश्यकता – वृद्धाश्रम | आशाकाजी सेवक | १४ |
| ५. | बुद्ध खोज्दै क्युबेली सुन्दरी | मनोज पौडेल | १७ |
| ६. | जगतहितको लागि बोधिचर्या | लोकबहादुर शाक्य | १८ |
| ७. | जापानको बुद्धिष्ट कला र संस्कृति निकै मनमोहक | मेघराज शर्मा | २० |
| ८. | तथागतया अस्थिधातु : एक चर्चा | भिक्षु विपस्सी धम्मारामो | २२ |
| 9. | Lumbini Declaration of the International Buddhist Conference | | 26 |
| १०. | ख: कि मखु ? | राज शाक्य | २८ |
| ११. | बौद्ध गतिविर्धि | | ३० |


## लेखक एवं पाठक-ग्राहक वर्गमा हार्दिक अनुरोध

- नेपालको पहिलो बौद्ध मासिक आनन्द भूमि पत्रिकाको वार्षिक ग्राहक महानुभावहरूले नविकरण गर्नुहुन हार्दिक अनुरोध गरिन्छ । सम्बन्धित क्षेत्र वा व्यक्तिमार्फत समयमैं ग्राहक नविकरण गर्नुभई सहयोग गर्नुहोला ।
- समयमैं लेखक वर्गले बुद्ध, बुद्धधर्म, बौद्धसंस्कृति एवं दर्शन, साहित्य र इतिहाससम्बन्धी अनुसन्धानात्मक तथा सृजनाात्मक लेख, रचना, कथा, कविताहरू संप्रेषण गर्नुहोला ।
- आ-आफ्ना क्षेत्रहरूमा हुने समाचारमूलक बौद्ध गतिविधिलाई सक्दो चाँडो फोन, ईमेल वा हुलाकबाट जानकारी गराउनुहोस् ।
- उद्योगपति तथा व्यापारी वर्गबाट विज्ञापन दाता बन्नुभई आफ्नो व्यवसायको प्रचार तथा बुद्धधर्मप्रतिको श्रद्धा अभिव्यक्त गरी आनन्दभूमिलाई सहयोग गर्नुहोस् ।
- विगत ४२ वर्षदेखि प्रकाशन हुँदै आइरहेको नेपालको पहिलो बौद्ध मासिक पत्रिका आनन्दभूमिका लागि आफ्ना विचार, तर्क, नियात्रा, दृष्टिकोणजस्ता कुराहरू समावेश गरी वर्तमान परिप्रेक्ष्यमा अनुकुल हुने गरी जनअभिरूचिपूर्ण नयाँ नयाँ तथ्यहरूसहित यहाँहरूबाट निरन्तर रूपमा लेखरचना प्राप्त भइरहेमा आनन्द भूमिलाई स्तरीयरूपमा प्रस्तुत गर्दैजान सकिने हुन्छ ।
- यस पत्रिकामा प्रकाशित लेख-रचनाको सम्पूर्ण जिम्मेवारी स्वयं लेखककै अभिभारा हुनेछ ।
- समयमैं लेख-रचना प्रकाशन गर्न तथा सल्लाह-सुझावका लागि anandakutivihar@gmail.com/ gkondanya@gmail.com मा इमेल गर्नसकिने छ ।
- सहयोग, सल्लाह, सुझाव तथा आलोचना, समालोचना आनन्दभूमिको निरन्तरताका लागि सम्बद्ध क्षेत्रबाट रचनात्मक सहयोगको अपेक्षा लिएका छौं ।

– आनन्दभूमि परिवार, आनन्द कुटी विहार, स्वयम्भू, काठमाडौं । फोन – ४२७१४२०
anandakutivihr@gmail.com/gkondanya@gmail.com



# "स्वधर्मे निधनं श्रेयः"

✍ भद्न्त सम्यक् सम्बोधि प्राणपुत्र, psamyaksambodhi@yahoo.com

बुद्ध-जन्मभूमिमा धेरै भिक्षु भए । उहाँहरूमध्ये भद्न्त शुभद्र महाथेर एक छुट्टै स्वभावको हुनुहुन्थ्यो । बाहुन जातको, ७५ वर्षको उमेरमा श्रामणेर भएर ८० वर्षको उमेर भिक्षु हुनुभयो । उहाँको विभिन्न विशेषतामध्ये एक- ९२ वर्षको उमेसम्ममा भिक्षा मागेर खानुभयो । ९२ वर्षको उमेरसम्म प्रत्येक दिन भिक्षा मागेर खानुहुने भिक्षुहरू नेपालमा उहाँ मात्र हो एक जना । त्यसैले उहाँको उत्साह र परोपकारी चेतनाको प्रशंसा गर्नु नै पर्छ । नेपालमा हालसम्म भिक्षा मागेर खाने भिक्खुहरूमा उहाँलाई एतदग्ग भिक्खु वा ऐतिहासिक भिक्षु भन्नुपर्छ ।

एकपल्ट थाइलैण्ड गएर नेपाल फर्की आउँदा धरानमा मैले पनि भिक्षा माग्न खोज्दा लाजले भिक्षा माग्न सकिएन । तब पोखरामा भद्न्त शुभद्र महाथेरलाई अगाडि लगाएर आफू पछिपछि लागेर भिक्षा माग्ने आदत बसाएँ । २/३ महिना बानी बसेपछि धरानमा पनि एक महिनासम्म भिक्षा माग्न उहाँलाई लिएर गएँ ।

त्यसपछि हामी पोखरा फर्किन इटहरीमा बस पर्खी रहेका थियौं । त्यसै समय उहाँको पुरानो चिनजानको पोखरेली बाहुनसँग भेट भयो । उहाँलाई एक हिन्दू बाहुन भएर भिक्षु भएको मन परेको थिएन रहेनछ र भनी हाल्यो - '**स्वधर्मे निधनं श्रेयः**' । यस वाक्यको बाँकी भाग '**परधर्मोः भयावहः**' चाहिँ भनेन ।

**–त्रिशरण नै बुद्धशिक्षा अनुसार मानव जीवन सफल बनाउने एक सूत्र वा फर्मूला हो । अर्थात् पहिला कुरा बुझ, यथार्थ पत्ता लगाऊ वा सत्य अनुभूति गर । दोस्रो त्यस अनुसार जीवनमा उतार वा सत्य आचरण गर । तेस्रो त्यस अनुभवलाई यसरी जीवनमा उतार कि सफल भएर नै छाडियोस् वा सत्यमा प्रतिष्ठित होऊ ।**

**–'स्वधर्मे निधनं श्रेयः परधर्मोः भयावहः' गीताको यस वाक्यलाई हिन्दूहरुले यसरी अर्थ लाउाछन्- हिन्दू भएर आफ्नो धर्ममा मरे पनि श्रेयष्कर हुन्छ । तर अन्य धर्म अपनाएमा भयाभव वा हानिकारक हुन्छ । वास्तवमा गीता अनुसार हिन्दू, बौद्ध भन्ने नै थिएन । किनकि महाभारत युद्ध भएको एकै परिवारका सन्तानबीच भएको युद्ध थियो । त्यसैले उनीहरुमा धर्मसम्प्रदाय बारे कुनै भेद थिएन ।**

'**स्वधर्मे निधनं श्रेयः परधर्मोः भयावहः**' गीताको यस वाक्यलाई हिन्दूहरूले यसरी अर्थ लाउँछन्- हिन्दू भएर आफ्नो धर्ममा मरे पनि श्रेयष्कर हुन्छ । तर अन्य धर्म अपनाएमा भयाभव वा हानिकारक हुन्छ । वास्तवमा गीता अनुसार हिन्दू, बौद्ध भन्ने नै थिएन । किनकि महाभारत युद्ध भएको एकै परिवारका सन्तानबीच भएको युद्ध थियो । त्यसैले उनीहरूमा धर्मसम्प्रदाय बारे कुनै भेद थिएन ।


यस अङ्क



गताङ्कमा



आनन्द भूमि

**पढौं पढाऔं, समयमैं वार्षिक ग्राहक बनौं**

**आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं, फोनः ४२७१४२०**

E-mail : anandakutivihar@gmail.com, anandakutivihar@ntc.net.np
gkondanya@gmail.com, kondanya@soon.com

कौरब पाण्डव हिन्दू भए दुबै हिन्दू, बौद्ध भए दुबै बौद्ध थिए ।

बुद्धि भएको सर्वोच्च प्राणी मानिएको मानिसको पहिलो स्वधर्म हो– **बुद्धं सरणं गच्छामि** अर्थात् म सत्य अनुभूति गर्न परम्परावादी नभएर कार्यकारण बुझ्ने विज्ञानसम्मत शिक्षाको शरणमा जान्छु । बुद्धिको प्रयोग गरेर सत्य के हो होइन? छुट्याएर मात्र विषयवस्तुलाई स्वीकार गर्नु मानिस भएर बाँच्ने पहिलो स्वधर्म हो । 'कागले कान लग्यो भन्दा पहिले कान छाम्नु, कागको पछि नदौडिनु' भन्ने बुद्धवादी पूर्खाको सल्लाह नमानी अरूको पछि लागेर जीवन बिताउनु पशु जीवन बिताउनु सरह हो । आजको कम्प्युटर र नेटको जमानामा विज्ञानसम्मत जीवन नबिताएर अरूको लहैमा वा परम्परालाई शिरोधार्य गरेर बस्नु पशु भएर जीवन बिताउनु सरह हो र एक भयावह अवस्था हो ।

मानिसको दोस्रो स्वधर्म हो– **धम्मं सरणं गच्छामि** अर्थात् म सत्य आचरण गर्न दश कुशल र सप्ताहको एकचोटी उपोसथ व्रत पालन गर्ने कलासम्मत शिक्षाको शरणमा जान्छु । अनुसन्धान गर्दा निचोडमा दुइटा विषय देखा पर्छ । १) यो राम्रो हो, जीवनमा उतार्नु पर्छ, गरेमा लाभ हुन्छ । २) यो नराम्रो हो, जीवनमा उतार्नु हुँदैन, गरेमा हानि हुन्छ, छाड्नु पर्छ, छाडेमा लाभ हुन्छ । उतार्नु पर्छ भन्ने अनुभव अनुसार जीवनमा उतार्नु र छाड्नु पर्छ भन्ने अनुभव अनुसार छाड्नु नै अनुभवलाई धारण गरिएको भनिन्छ । यसरी जुन अनुभव हुन्छ, त्यस अनुसार जीवनमा लागु गर्नु वा धारण गर्नु नै धर्मको शरणमा जानु हो । आफ्नै अनुभवलाई पनि जीवनमा उतार्न सक्दैन भने ऊभन्दा अर्को पशु नहोला र जसले अर्को भयावह अवस्था निम्त्याउँछ । अतः दश कुशल कर्म र सप्ताहको एक चोटी उपोसथ पालन गरेर जीवनलाई कलात्मक बनाउनु नै दोस्रो स्वधर्म हो– विवेकी मानिसको ।

तेस्रो स्वधर्म हो– **संघं सरणं गच्छामि** अर्थात् म सत्यमा प्रतिष्ठित हुन जीवनमा कम्तिमा एक चोटी भिक्षु वा अनगारिका भएर दर्शनसम्मत शिक्षाको शरणमा जान्छु । सुपटिपन्नो अर्थात् सुप्रतिपन्न भनी मुक्ति मार्गमा प्रतिष्ठित भएका सन्तहरूलाई भनिन्छ । अतः सन्त जस्तै आफूले अनुभव गरेको विषयमा धारण गर्दा त्यसमा सफलता प्राप्त गर्ने गरी प्रतिष्ठित हुन सकिएमा संघको शरणमा गएको हुन्छ । अर्थात् सफलता प्राप्त नभएसम्म लागी रहनु सत्यमा प्रतिष्ठित हुनु हो । निरास भएर वा कुनै कारणले बीचमा नै छाड्ने भएमा पश्चाताप र असफलता व्यहोर्नु पर्ने हुन्छ । यही नै अर्को भयावह अवस्था हो । मानव जीवको दार्शनिक पक्ष प्राप्त गर्न गृहत्याग एक अचुक साधन हो । त्यसैले मानव जीवनको सारको खोजी गर्न सत्यमा प्रतिष्ठित हुनु भिक्षु वा अनागारिका भएर दार्शनिक जीवन बिताउनु नै मानिसको तेस्रो स्वधर्म हो ।

यही त्रिशरण नै बुद्धशिक्षा अनुसार मानव जीवन सफल बनाउने एक सूत्र वा फमूर्ला हो । अर्थात् पहिला कुरा बुझ, यथार्थ पत्ता लगाऊ वा सत्य अनुभूति गर । दोस्रो त्यस अनुसार जीवनमा उतार वा सत्य आचरण गर । तेस्रो त्यस अनुभवलाई यसरी जीवनमा उतार कि सफल भएर नै छाडियोस् वा सत्यमा प्रतिष्ठित होऊ ।

यसै फर्मुला अनुसार नै भद्दन्त शुभद्र महाथेरले पनि जीवन बारे खोजी गर्दा चार आर्यसत्य– दुःख छ, दुःखको कारण छ, दुःख हटाउन सकिन्छ र दुःख हटाउने उपाय छ भनी थाहा पाउनुभयो । यस दुःखको कारण तृष्णा हो ईश्वर आदि कुनै तत्त्व विशेष होइन भनेर तृष्णा नाश गर्न भिक्षु जीवनभन्दा उच्च र सरल उपाय उहाँले अर्को देख्नु भएन, उहाँ भिक्षु हुनुभयो ।

वास्तवमा उहाँले बुद्धि भएको मानिस भएको नाताले **स्वधर्मे निधनं श्रेयः** नै गरेर देखाउनुभयो र पशुपतिको देशको स्वयम्भूको आँखा खुलेको पति अर्थात् मालिक, स्वामी भएर प्रमाणित गरी दिनुभयो । तर अन्य कति बाहुन वा हिन्दूहरू यस **स्वधर्मे निधनं श्रेयः**को गलत अर्थ लगाउँदै एकातिर बुद्ध र बुद्धशिक्षालाई नास्तिक देखेर अर्कोतिर बुद्धधर्मलाई हिन्दूको शाखा हो भन्दै बुद्ध–जन्मभूमिमा बौद्धहरूको लाशमा चढेर हिन्दू राज्य ल्याउने सपना देख्दै पशुपतिको देशको पशु वा भयावह जीवन बिताइरहेका छन् ।

बुद्ध–जन्मभूमिको नागरिक र बुद्धि भएको प्राणीको नाताले मानिसको स्वधर्म सत्य अनुभूति गर्नु, सत्य आचरण गर्नु र सत्यमा प्रतिष्ठित हुनु हो भन्ने यथार्थमा स्वयम्भूको आँखा खुलोस् भनी कामना गर्दछु ।

होस् सद्धर्म चिरस्थायी, लोक होस् सुखी सदा ।

८



# बुद्धिजम् र कम्यूनिजम्लाई नियाल्दा

✍ तिलकमान गुभाजू, पोखरा

> – भगवान् बुद्धले २५०० वर्ष पहिले संसारमा दुःख छ भन्नुभएको थियो भने मार्क्सले २५ सय वर्षपछि शोषण छ भन्नुभयो ।
>
> – संयोग नै भन्नुपर्दछ कि नेपालमा बुद्धधर्म र साम्यवाद दुबै मौलाउादैछन् । संविधानसभाको पहिलो चुनावपछि संविधानसभामा कुनै पार्टीले स्पष्ट बहुमत नल्याएतापनि कम्युनिष्टहरुको बहुमत देखा परेकोले हो कि बुद्धिजम् र कम्युनिजम्का सम्बन्धमा मानिसहरुले फेरि जिज्ञासा राख्ने गरेका छन् ।

नेपालमा फेरि एकपटक बुद्धिजम् र कम्युनिजम् सम्बन्धमा चर्चा परिचर्चा हुने गरेका छन् । बौद्धहरू बुद्धिजम्को पक्षमा आफ्नो प्रचार-प्रसार गर्दैछन् भने कम्युनिष्टहरू कम्युनिजम्को पक्षमा वकालत गर्दैछन् । आ-आफ्नो पक्षमा प्रचार गर्नु अस्वाभाविक होइन । केही विद्वान्हरू यी दुईका सम्बन्धमा छुट्टाछुट्टै विचार व्यक्त गर्ने गर्दछन् । पाँच-छ दशक पहिले पनि यी दुई पक्षका बारे विद्वान्हरू चर्चा गर्दथे र त्यस्तो चर्चा सुन्न मानिसहरू खुब आकर्षित हुन्थे । नेपालमा वि.सं. २०१३ सालमा आयोजित चौथो विश्व बौद्ध सम्मेलनमा भारतका संविधान निर्माता डा. भीमराव राव अम्बेडकरलाई बुद्धिजम् र कम्युनिजम्को विषयमा प्रवचन दिन विशेष आग्रह गरिएको थियो । त्यसबेला उहाँले दिनुभएको प्रवचन ज्यादै महत्त्वपूर्ण मानिएको थियो ।

अमेरिकी नागरिक फ्रान्सिस स्टोरी जो बौद्ध भिक्षु भएपछि सुगतानन्द नामबाट प्रख्यात भए र म्यानमारको रंगुनमा स्थापित '**बुद्धिष्ट वर्ल्ड मिशन**' को अध्यक्ष पनि भएका थिए, उनले '**बुद्धिजम् आन्सर्स टु मार्क्सिस् च्यालेन्ज**' नामक गहन एवम् बौद्धिक खुराक दिने किताब लेख्नुभएको छ । पश्चिमका विद्वान्हरू आन्द्रे माईगाट, प्रो. लिङहरूले यस विषयमा खुब चर्चा गर्नुभएको छ । भारतका ख्यातिप्राप्त विद्वान् राहुल सांकृत्यायन् र आचार्य नरेन्द्र देवले पनि यस सम्बन्धमा धेरै बौद्धिक अभ्यास गर्नुभएको थियो । त्यस्तै भारतका डा. डी. आर. जाटवले '**भगवान बुद्ध और कार्लमार्क्स**' किताब लेख्नुभएको छ । जुन ज्यादै चर्चित छ ।

भगवान् बुद्धको शिक्षा, सिद्धान्त र आदर्श विश्वका सम्पूर्ण भागमा पुगेको छ र यसले विश्वको जनसंख्याको ठूला भू-भागलाई प्रभावित पारेको छ । विश्वशान्ति चाहने शान्तिकामीका लागि बुद्धका शिक्षा, सिद्धान्त र आदर्श एउटा ठूलो आधार भएको छ भने शोषण र सामन्ती समाजमा पिल्सिएका श्रमिक मजदूरका लागि कम्युनिजम् ठूलो आशा र भरोसाको केन्द्र भएको छ । संयोग नै भन्नुपर्दछ कि नेपालमा बुद्धधर्म र साम्यवाद दुबै मौलाउँदैछन् । संविधानसभाको पहिलो चुनावपछि संविधानसभामा कुनै पार्टीले स्पष्ट बहुमत नल्याएतापनि कम्युनिष्टहरूको बहुमत देखा परेकोले हो कि बुद्धिजम् र कम्युनिजम्का सम्बन्धमा मानिसहरूले फेरि जिज्ञासा राख्ने गरेका छन् ।

चलनचल्तीमा बुद्धिजम्लाई धर्मको रूपमा मान्ने गरिएको छ भने कम्युनिजम्लाई एउटा राजनीतिक व्यवस्थाको रूपमा अपनाउने गरिएको छ । एउटा धर्म, अर्को राजनीति-यी दुईलाई एकसाथ राखेर किन हेर्न खोजिएको होला भन्नेहरू पनि थुप्रै छन् । त्यसमा पनि कम्युनिजम्का जन्मदाता कार्लमार्क्सले धर्मलाई अफिम भनेर नकारेका सुन्ने बुझ्नेहरूले एक किसिमले आश्चर्य पनि व्यक्त गर्दछन् । ती दुबै किसिमका मानिसहरू यी दुबै पक्षलाई एक दोस्रोदेखि फरक, धेरै फरक भएको ठान्दछन् । तर, अध्ययनशील व्यक्तिहरू यी दुई पक्षलाई सकारात्मक दृष्टिले हेर्ने गर्दछन् र यी दुई पक्षका बीच भएका समानता र असमानताको समीक्षा र विश्लेषण गर्न खोज्छन् ।

हामीलाई के थाहा छ भने बुद्धले संसारमा दुःख छ भन्नुभएको छ । संसारमा दुःख छ, दुःखको कारण छ, त्यो कारण हटाउने उपाय छ र त्यो उपाय अवलम्बन गर्ने बाटो छ । जुन बाटोलाई बौद्धहरू आर्य अष्टाङ्गिक मार्ग भन्दछन् । बुद्धको शिक्षा, सिद्धान्त, उपदेश र दर्शन सबै दुःख निवारणका लागि प्रतिपादन गरिएका हुन् । आर्य अष्टाङ्गिक मार्ग-शील,

समाधि र प्रज्ञाको मार्ग हो । त्यसको अवलम्बन गरिएमा दुःख निवारण हुन्छ । यो बुद्धधर्मको सार हो ।

उता कार्लमार्क्सलाई हेरौं भने उहाँले आफ्नो व्याख्यामा समाजमा शोषण छ भन्नुभएको छ । त्यो शोषण उन्मूलनका लागि उहाँले वर्ग संघर्ष र गभर्नमेण्ट अफ प्रोलिटारियट्' सर्वहाराको सरकारको आवश्यकता औंल्याउनुभएको छ । कम्युनिष्टहरूको सम्पूर्ण प्रयास त्यसैले वर्ग संघर्ष गरी सर्वहाराको सरकार बनाउनु रहेको हुन्छ ।

मार्क्सले शोषणको कारण व्यक्तिसँग भएको पूँजीलाई मान्नुभएको छ । व्यक्तिसँग भएको पूँजीले पूँजी नहुनेलाई शोषण गर्दछ भनेर उहाँले साम्यवादी सिद्धान्तमा व्यक्तिगत सम्पत्ति वर्जित गर्नुभएको छ । साम्यवादमा व्यक्तिगत सम्पत्ति हुँदैन । सम्पत्ति सबै राज्यको हुन्छ । उता भगवान् बुद्धले स्थापना गर्नुभएको भिक्षुसंघमा पनि व्यक्तिगत सम्पत्ति त्यसरी राख्न पाइँदैन । भिक्षुहरूले जेजति दान आदि पाउँछन्, ती सबै संघको हुन्छ । संघदानलाई बुद्धधर्ममा ठूलो महत्त्वको रूपमा लिने गरिन्छ । बुद्धले आदर्शको रूपमा स्थापना गर्नुभएको भिक्षुसंघका सदस्यहरूले व्यक्तिगत रूपमा मात्र आठवटा वस्तु राख्न पाउने प्रावधान छ । जसलाई अष्टपरिष्कार भनिन्छ । भिक्षाटन र भोजनको लागि पिण्डपात्र, कपाल खौरनको लागि ब्लेड-रेजर, पानी छान्ने कपडा र पिउने गिलास, सियोधागो तथा भिक्षुले लगाउने लुगाहरू – संघाति, उत्तरासँग र अन्तरवासक जसलाई चीवर भनिन्छन् – अष्टपरिष्कारमा पर्दछन् । त्यसबाहेक भिक्षुहरूले व्यक्तिगत सम्पत्तिका रूपमा अन्य वस्तु राख्न पाइँदैन । आफूलाई आवश्यक परेको कुरा भिक्षुहरूले संघबाट प्राप्त गर्दछन् ।

यस किसिमले हेर्दा हामी के थाहा पाउँछौं भने बुद्धधर्म जन्म र मरणको भवचक्रमा परेर दुःख पाएका दुःखीहरूको उद्धारका लागि प्रारम्भ गरिएको पाउँछौं भने साम्यवाद शोषित, पीडित श्रमिक मजदूरहरूको हकहित र अधिकार स्थापनाको लागि प्रतिपादन गरिएको पाउँछौं । भगवान् बुद्धले त्यसैबेला अर्थात् २५०० वर्ष पहिले संसारमा दुःख छ भन्नुभएको थियो भने मार्क्सले २५ सय वर्षपछि शोषण छ भन्नुभयो ।

समानता यी दुबैको साझा नारा हो । भगवान् बुद्धले जातीय भेदभाव मान्नुभएन, उँचनीच र छुवाछुतको घोर विरोध गर्नुभयो । उहाँले समता समाज निर्माणमा ठूलो योगदान गर्नुभएको छ । साम्यवादमा पनि समानताको नारा चर्कोरूपमा लगाउने गरिन्छ । त्यहाँ सबैलाई समान व्यवहार गरिन्छ भनेर साम्यवादीहरू गर्वसाथ भन्ने गर्दछन् र मानिसहरू पनि त्यो समानतामा आकर्षित भएर खुब लाग्नेगर्दछन् ।

त्यस्तै ईश्वरका सम्बन्धमा पनि यी दुई पक्षको समान विचार भएको हामी पाउँछौं । बुद्धधर्मका प्रवर्तक भगवान् बुद्धले ईश्वर मान्नुहुन्न । उहाँले ईश्वर नमान्ने मात्र होइन कि ईश्वरको अस्तित्व पनि स्वीकार गर्नुहुन्न । उता साम्यवादी सिद्धान्तको प्रणेता मार्क्सले पनि ईश्वर मान्नुहुन्न । उहाँले ईश्वरलाई मानसपुत्रको रूपमा व्याख्या गर्नुभएको छ । उहाँले प्रष्टसाथ No God, No Religion भन्नुभएको छ ।

बुद्धधर्म र साम्यवादमा भएको समानताका यस्ता कुराहरूले ती दुई पक्षलाई नजिकका हुन् भन्ने पारेका छन् । त्यसमा पनि केही विद्वान्हरूले यी दुई पक्षलाई नजिक ल्याउन धेरै बौद्धिक कसरत पनि गरेका छन् । जसको प्रभाव यताउता परेको पनि देखिन्छ ।

तर, जब मार्क्सले धर्मलाई अफिम भनेको वाणी मन र मस्तिष्कमा गुञ्जन्छ, तब उनका अनुयायीहरू केही झस्कने, अन्यौल हुने र टाढिने गर्दछन् । अहिले पनि खाटी कम्युनिस्टहरू धर्म मान्न हिच्किचाउने गर्दछन् । अझ प्रष्ट रूपमा भन्ने हो

**पापको फल भोग्नु नपरेसम्म मूर्खले आफूले गरेको खराब कामलाई महजस्तो ठान्दछ । तर पापको फल भोग्नुपर्दा दुःखित हुन्छ ।**

**– धम्मपद**

**मिलन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**

**ह्वनाछेँ, पाको, न्यूरोड, काठमाडौं ।**

**फोनः ४२३१०३६, ४२२२०६५, फ्याक्स : ४२१६१६७**

**– बुद्धधर्मका प्रवर्तक भगवान् बुद्धले ईश्वर मान्नुहुन्न। उहाले ईश्वर नमान्ने मात्र होइन कि ईश्वरको अस्तित्व पनि स्वीकार गर्नुहुन्न। उता साम्यवादी सिद्धान्तको प्रणेता मार्क्सले पनि ईश्वर मान्नुहुन्न। उहाले ईश्वरलाई मानसपुत्रको रुपमा व्याख्या गर्नुभएको छ। उहाले प्रष्टसाथ No God, No Religion भन्नुभएको छ।**

**– कम्युनिष्ट सिद्धान्त भौतिकवादमा मात्र विश्वास गर्दछ अर्थात् त्यो भौतिकवादमा सीमित छ। त्यसैले त्यो सिद्धान्त अध्यात्मवादबाट टाढा छ। त्यसैले त्यो एकाङ्गी छ, अधुरो छ र अपूर्ण छ। उता बुद्धधर्मतिर हेरौं भने बुद्धधर्म धार्मिक दृष्टिले अध्यात्मवादी स्वभावको छ भने त्यसको सिद्धान्त र दर्शन भौतिकवादसाग मिल्दोजुल्दो छ। बुद्धधर्मले ती दुबै वादलाई समाहित गरेकोछ र दुबैको संगमस्थल भएको छ र त्यसैले बुद्धधर्म पूर्ण छ, परिस्कृत छ र परिपक्व छ।**

भने उनीहरू धर्म मान्दैनन् । मार्क्स जुन समय र समाजमा हुर्के, बढे, त्यसमा धर्मान्धता ज्यादै चर्को रूपमा फैलिएको थियो । मानिसहरू धर्ममा अति नै लिप्त हुन्थे । ईश्वरको नाममा अनेक कुकृत्य हुने गर्दथ्यो । शोषण हुन्थ्यो । जसलाई मार्क्सले पटक्कै सहन सक्नुभएन र धर्मलाई अफिम भनेर व्याख्या गर्नुभयो । त्यसैले कम्युनिष्टहरू आज पनि धर्म भन्नासाथ नाक खुम्च्याउने गर्दछन् । तीमध्ये केहीले बुद्धधर्मलाई पनि अन्य धर्मकै हाराहारीमा राखेर व्यवहार गर्न खोजेको पनि देखिन्छ ।

कुरा असलमा, बुद्धिजम्लाई विद्वान्हरू धर्म भन्नुभन्दा दर्शन भन्न मन पराउँदछन् । उनीहरूले यसलाई "बौद्ध-दर्शन" भन्ने गर्दछन् । हुन पनि बुद्धधर्म अन्य धर्मभन्दा धेरै फरक र मौलिक रूपले भिन्न छ । एउटा महत्त्वपूर्ण कुरा के हो भने संसारका प्रायः सम्पूर्ण धर्मले ईश्वर मान्दछन् तर बुद्धधर्मले ईश्वर मान्दैन । त्यसैले बुद्धधर्मलाई अनिश्वरवादी धर्म भन्दछन् । बुद्धधर्ममा कर्मकाण्डको प्रावधान छैन । अन्धविश्वासलाई स्थान छैन । धर्मले ईश्वर मान्ने गरेको र धर्मभीरूहरू धर्ममा अति निर्लिप्तभै रूमलिरहने भएकाले मार्क्सले धर्मलाई अफिम परिभाषित गर्नुभएको थियो । तर त्यो कुरा बुद्धधर्मको हकमा मिल्दैन, लागू हुँदैन । भगवान् बुद्धले न ईश्वर मान्नुभयो न आफूलाई ईश्वरका प्रतिनिधि, ईश्वर पुत्र, ईश्वरका अवतार आदि नै भन्नुभयो । उहाँले सधैं आफूलाई मानिस नै सम्झनुभयो । विद्वानहरूले पनि उहाँलाई मानव, महामानव नै भन्ने गरेका छन् । यस किसिमले हेर्दा जुन धर्मले ईश्वर मान्दैन, कर्मकाण्ड स्वीकार्दैन र अन्धविश्वासमा फस्दैन, त्यो अफिम हुन सक्दैन ।

अझ गहिरो अध्ययन गरी हेर्दा हामी के पाउँछौं भने बुद्धधर्मले जे कुराको पनि कारण हुन्छ भनेको छ र कारणको खोजी गर्न प्रेरित गर्दछ । बुद्धधर्मले कारण र परिणाम (Cause & Effect) को सिद्धान्त अपनाएको छ, जुन कुरा आजको विज्ञानसँग मिल्दोजुल्दो छ । त्यसैले ख्यातिप्राप्त वैज्ञानिक अल्बर्ट आईन्स्टाइनले "**आजको युगमा आधुनिक विज्ञानसाग मिल्ने कुनै धर्म छ भने त्यो बुद्धधर्म हो**" भन्नुभएको छ । त्यस्तै ख्याति प्राप्त कृति "**द लाइट अफ एसिया**" का लेखक सर एड्विन आर्नोल्डले "**बुद्धधर्म र आधुनिक विज्ञानमा अति घनिष्ट सम्बन्ध भएको**" बताउनुभएको छ । साँच्चै भन्ने हो भने बुद्धधर्म र अरु धर्मको तुलना गरी हेर्दा बुद्धधर्म र अन्य धर्मको चरित्र, स्वभाव र व्यवहार नै फरक छन् । बुद्धधर्मभित्र डुबुल्की मार्दा के पाउँछौं भने भगवान् बुद्धले धर्मलाई डुङ्गासँग तुलना गर्नुभएको छ । जसरी पानीको जलाशय/ताल आदि पार गर्नका लागि डुङ्गाको आवश्यकता पर्दछ, त्यसरी नै हाम्रो जीवनयात्रारूपी भवसागर पार गर्न धर्मरूपी डुङ्गाको आवश्यकता पर्दछ । जलाशयरूपी भवसागर पार गरेपछि जसरी डुङ्गाको उपयोगिता समाप्त हुन्छ, त्यसैगरी जीवनरूपी यात्रा पार गरेपछि धर्मको उपयोगिता पनि सिद्धिन्छ । यस किसिमले परिभाषित धर्म कसरी अफिम हुन सक्दछ?

कम्युनिष्टहरू शोषण हटाउन 'डिक्टेटरशीप अफ प्रोलिटारियट्' सर्वहारा वर्गको सरकार आवश्यक मान्दछन्, आवश्यकता मात्र होइन अनिवार्य नै ठान्दछन् । त्यसैले साम्यवादलाई अधिनायकवादी व्यवस्था भन्दछन् । अधिनायकवादमा प्रतिपक्षको स्थान हुँदैन । व्यक्तिगत स्वतन्त्रता र हक-अधिकार निर्वाध रूपले प्रयोग गर्न पाइँदैन भनेर धेरैले गुनासो गरेको सुनिन्छ । उता भगवान् बुद्धले राजनीतिका विषयमा त्यति धेरै बोल्नुभएको त पाइँदैन । तर, कहिलेकाहिँ बोल्नुभएको कुरा नियालेर हेर्दा उहाँ प्रजातान्त्रिक विचारका हुनुहुन्थ्यो भन्ने बुझिन्छ । उहाँले वैशाली गणराज्य जुन विश्वको सबभन्दा पुरानो प्रजातान्त्रिक देश मानिन्छ-त्यसको प्रशंसा गर्नुभएको बौद्ध वाङमयमा देखिन्छ । उहाँ स्वतन्त्रताका पक्षपाती हुनुहुन्थ्यो । उहाँले जति स्वतन्त्रता संसारमा सायदै कसैले दिएको होस् । उहाँले आफ्नो अनुयायीहरूलाई यत्ति स्वतन्त्रता दिनुभएको छ कि उहाँले आफूले भनेको भनेर पनि आँखा चिम्लेर विश्वास नगर्नु, शास्त्रमा लेखेको, गुरुले भनेको भनेर

पनि सजिलै विश्वास नगर्नु र आफ्नो विवेकको कसीमा घोटेर हेर्नु र जे उचित लाग्छ, त्यही गर्नु भन्नुभएको छ ।

यी दुई पक्षको समानता हेरियो भने समानता देखिन्छन् भने असमानतातिर दृष्टि दिंदा उत्तिकै असमानता पनि भेटिन्छन् । यिनीहरूका बीच सबभन्दा नमिल्ने कुरा यिनीहरूको लक्ष्यमा पुग्ने बाटो हो, माध्यम हो । कम्युनिष्टहरू शोषण हटाउने क्रममा हतियार उठाउँछन्, हत्या, हिंसाको सहारा लिन्छन् र विरोधीको सफाया गर्नुपर्ने कुरा अघि सार्दछन् । उनीहरू शक्ति हतियारमा देख्दछन् र बल प्रयोगमा विश्वास गर्दछन् । त्यसको विपरीत, बौद्धहरू अहिंसामा विश्वास गर्दछन् र अहिंसामा ठूलो तागत देख्दछन् । भगवान् बुद्ध मन परिवर्तनमा विश्वास गर्नुहुन्छ । उहाँ सम्झाई बुझाई व्यावहारिक शिक्षा, उपदेश दिएर खराब एवं कुलतमा लागेकालाई पनि सत्मार्गमा ल्याउनुहुन्छ । प्रख्यात डाँकु अंगुलिमाल, अम्बपाली आदि यसका ज्वलन्त उदाहरण हुन् । कम्युनिष्टहरू हत्याहिंसाको बाटोलाई छोटो मानेर छिटो लक्ष्यमा पुग्ने भनी हत्या, हिंसा, अपहरणलगायतका तोडफोड, आगजनी जस्ता विध्वंसात्मक र जबर्जस्ती काम कुरा गर्छन् । यस किसिमले एक पक्ष हत्या हिंसामा विश्वास गर्छ भने अर्को अहिंसामा, एक पक्ष विरोधीको सफाया गर्ने भन्छन् भने अर्को पक्ष मन परिवर्तनमा विश्वास गर्दछ र सह-अस्तित्वमा रमाउँछ ।

बौद्धहरू हत्या, हिंसाको मार्ग कहिल्यै अपनाउँदैनन् । उनीहरू पूर्ण रूपले अहिंसामा विश्वास गर्दछन् । अहिंसालाई मूलमन्त्र सम्झन्छन् । यस किसिमले हेर्दै जाँदा अहिंसा एक यस्तो पक्षको रूपमा देखा पर्दछ, जसले बुद्धधर्म र साम्यवादलाई एक अर्कादेखि टाढा, खुब टाढा, अझ भनौं विपरीत नै बनाउँछ । अघि चर्चा गरियो कि जसरी मार्क्सले धर्मलाई अफिम भनेको कारण कम्युनिष्टहरू धर्म मान्न हिच्किचाउँछन्, त्यसैगरी अझ त्योभन्दा चर्को रूपले बौद्धहरू हत्या, हिंसाको कुरा सुन्नासाथ साम्यवादबाट टाढिन्छन् र अहिंसाको माला जप्न थाल्दछन् । उनीहरू ती हत्यामा विश्वास गर्नेलाई कसरी अहिंसा मार्गमा ल्याउन सकिएला भनी चिन्तनमनन् गर्दछन् ।

त्यस्तै एक पक्ष वर्ग संघर्षमा विश्वास गर्दछ भने अर्को समन्वय र सहमतिमा विश्वास गर्दछ । अझ भनौं बौद्धहरू सहिष्णुता र सहअस्तित्वमा विश्वास गर्दछन् । बाँच र बाँच्न देऊ भन्ने भावना राख्दछन् । बौद्धहरूका अनुसार हिंसाले प्रतिहिंसा जन्माउँछ । बदलाको भावना उमार्छ । हिंसाको माध्यमबाट भएको परिवर्तन टिकाउ हुँदैन, स्थायी हुँदैन । साथै, त्यो सुरक्षित पनि हुँदैन । अन्ततोगत्वा त्यसले राम्रो परिणाम पनि दिंदैन । हत्या, हिंसा गरेर जतिसुकै अशान्ति मच्चाएको भएपनि एकदिन त्यो पनि शान्तिको बाटोमा आउनै पर्दछ र अहिंसाको मार्ग अपनाउनै पर्दछ । विद्वानहरूले त्यसो भन्दा शुरूमा मानिसहरूले विश्वास गरेका थिएनन् । कसैले त्यो अभिव्यक्तिमा आपत्ति पनि जनाएका थिए भने केहीले त्यसलाई पूर्वाग्रही पनि ठानेका थिए ।

किनभने त्यसबेला कम्युनिजम् भरखरै फैलिएको थियो । मानिसले त्यसैमा आफ्नो भविष्य देखेका थिए । जनयुद्ध भयो, क्रान्ति भयो । हजारौं हजार मानिस मारिए । नयाँ व्यवस्था, नयाँ परिपाटी र विकासको नयाँ नारा आयो, त्यसको आकर्षण नै अर्कै थियो । नयाँ–नयाँ नेता देखा परे । साम्यवादी नेता लेनिन देखा परे । साम्यवादी शासन स्थापना भयो, स्टालिन आए । चीनमा माउत्सेतुङको नेतृत्वमा सर्वहारा क्रान्ति भयो । पूर्वी युरोपका केही देशहरूमा यो नयाँ व्यवस्थाले आफ्नो आधिपत्य जमायो । त्यसबेला यसलाई ध्रुवसत्य मानियो । अन्तिम सत्य ठानियो । तर, साम्यवादी शासन स्थापना भएपछि कतिपय देशमा गुम्बा र विहार भत्काइयो । भिक्षु र लामाहरूलाई यातना दिइयो । पछि त्यसमा क्रमशः प्रश्नचिन्ह लाग्न थाल्यो । ५/७ दशक यता आएर हेर्दा स्थिति अर्कै देखा पऱ्यो । कम्युनिजम्को जन्मदाता देश कहलिएको सोभियत संघतिर हेर्दा कम्युनिजम् कहाँ छ, खोज्नुपर्ने विषय भयो ।

## बौद्ध वृद्धाश्रमलाई प्राप्त सहयोग

दिवंगत भिक्षु सुमंगल महास्थविरबाट स्थापित तथा हाल बुद्धविहार भृकुटीमण्डपबाट संरक्षित बनेपाको बौद्ध वृद्धाश्रमलाई भौतिक पूर्वाधार, आश्रम संचालनार्थ कुनै पनि रूपमा श्रद्धालु दाताहरूबाट सहयोगको आवश्यकता रहेको छ, यहाँहरूको आर्थिक सहयोगले मात्र आश्रमलाई निरन्तरता दिन सकिने भएकाले वृद्धाश्रम सहयोगको अपेक्षा राख्दछ ।

यसैक्रममा वृद्धाश्रमका लागि सहयोग गर्ने निम्न दाताहरूलाई वृद्धाश्रमको तर्फबाट हार्दिक साधुवाद व्यक्त गर्दछ ।

१) दिवंगत माता-पिताको स्मृतिमा संघनायक भिक्षु अश्वघोष महास्थविरबाट - रू. १०,०००/- दशहजार प्राप्त ।
२) दिवंगत पिता भक्तलाल चित्रकारको पुण्यस्मृतिमा शिशिल चित्रकार, मैतीदेवीबाट- रू. २,०००/- प्राप्त ।

सहयोगार्थ सम्पर्क:
**अध्यक्ष, भिक्षु कोण्डन्य**
**बौद्ध वृद्धाश्रम, बनेपा**
फोनः ०११-६६२८४९, (तीन दोबाटो हुँदै नालाजाने ध्यानमार्ग)
नगर सम्पर्क : बुद्धविहार भृकुटीमण्डप
फोनः ९८५१०४६१८८, ४२२६७०२

त्यतिमात्र होइन, त्यसले के परिणाम दियो ? सोभियत संघ आफैं इतिहासको पानामा सीमित हुन पुग्यो । पूर्वी युरोपबाट पनि त्यो हटेर गएको छ । यतातिर भगवान् बुद्धको धर्म हेरौं भने २५ सय वर्षपछि आएर पनि यसको महत्त्वमा कुनै कमी आएको छैन । त्यसको विपरीत, बरु यसको महत्त्व र प्रचार-प्रसार अरु बढ्दै गएको छ र साथै आस्थावान्हरूको संख्या पनि बढ्दै गएको छ ।

डा. अम्बेडकरले त्यसैबेला सोभियत संघमा साम्यवादी शासनको असफलताका चिन्ह देखेका थिए र उनले त्यो शासन फेल भए के होला भनेर आफ्नो भाषणमा प्रश्नपनि गरेका थिए । उनले सोभियत संघका जनताको हवाला दिंदै भनेका थिए- "They have not accepted the communist system voluntarily. They are obeying to it because they are afraid of being hanged. Such a system can takes no roots, and therefore in my judgement, unless the communists are able to answer these questions, what would happen to their system? When force disappears there is no use pursuing it." त्यसो भन्दै अझ उनले पछाडि आफ्नो प्रवचनमा थपेका थिए- Because, if the mind is not converted, force will always be necessary, and this what I want to say in connclusion that one of the greatest thing. I find in Buddhism is that its system is a democratic system. त्यसबेला अम्बेडकरको त्यो भनाईलाई केही नेताहरूले पूर्वाग्रही मानेका थिए भने कसैले भविष्य ठानेका थिए । कोही समयको प्रवाहले यसको सत्यासत्य प्रष्ट पार्नेछ भनी चुपचाप र तटस्थ बसेका थिए । तर, छ दशकपछि उनको भनाई सही र सत्य सावित भयो । सोभियत संघबाट साम्यवाद गयो । त्यहाँबाट साम्यवाद मात्र गएन साम्यवादको अन्तपछि संघीय राज्य पनि टुक्रा-टुक्रा भए । पूर्वी युरोपबाट पनि साम्यवाद हटेर गयो । अहिले विश्वमा कम्युनिष्टहरू प्रतिरक्षात्मक अवस्थामा पुगेका छन् ।

अन्यत्र जहाँ जेसुकै भएको भएतापनि नेपालमा बुद्धिजम् र कम्युनिजम् दुबै फैलिँदैछन् । त्यसै कारणले पनि हो कि यहाँ फेरि यस विषयमा जिज्ञासा राख्ने गरेका छन् । यहाँ कम्युनिष्ट नेताहरूले पनि कहिलेकाहिँ भगवान् बुद्धको नाम लिने गरेका छन् । बौद्धहरू उनीहरूले हत्या हिंसाको राजनीति त्यागोस्, हतियारको प्रयोग नगरोस् र दम्भ नदेखाओस् भन्ने चाहन्छन् । शान्ति मार्गमा आएका उनीहरूको सहयोग गर्न बौद्धहरू तयार छन् र त्यसको लागि वातावरण बनाउन पनि तयार छन् ।

बुद्धिजम् र कम्युनिजम्को अध्ययन गर्दा एउटा अर्को महत्त्वपूर्ण कुरा के देखिन्छ भने साम्यवादी शासनमा आर्थिक र राजनीतिक किसिमले शोषण अन्त भए पनि समानता स्थापित भयो भनिए तापनि, दुःखको अन्त भएन । यो ज्यादै महत्त्वपूर्ण र उल्लेखनीय कुरा हो । शोषणको अन्त भएर पनि दुःखको अन्त नहुनु ! दुःख र शोषणको भेद यसैबाट पनि छर्लङ्ग हुन्छ । भगवान् बुद्धले निवारण गर्न खोजेको दुःख भौतिक र सामाजिक मात्र नभएर मानसिक र आध्यात्मिक पनि हो । धर्ममा मन र चित्तको कुरा महत्त्वका रूपमा आउँछ । मनलाई एकाग्र गर्ने र चित्त शुद्धि गर्ने कुरा शायद साम्यवादी भाषामा परिभाषित भएको छैन । कम्युनिष्टहरूले यो भाषा बुझ्न अझ समय लाग्ने छ ।

हामी बुझ्न सक्छौं - साम्यवादी देशमा शोषणको अन्त भयो होला । सोभियत संघमा सात दशकभन्दा लामो समय एकछत्र कम्युनिष्ट शासन भएको बेलामा समाजमा समानता भयो होला र शोषणको अन्तपनि भयो होला तर, त्यहाँ दुःख निवारण भयो कि भएन यो प्रश्न ताजा नै छ । दुःख निवारण भएको भए मानिसहरू सन्तुष्ट भएका भए त्यो शासनको विरुद्ध मानिसहरू आन्दोलित हुने थिएनन् । त्यहाँ के-कस्तो भयो त्यसबारे यहाँ लेख्नु आवश्यक छैन । संक्षिप्तमा यहाँ यति नै भन्नु पर्याप्त होला कि बुद्धधर्मअनुसार दुःख निवारण भएपछि मानिसमा त्यस्तो असन्तोष उत्पन्न नै हुँदैन, त्यहाँ शान्ति हुन्छ, शान्ति छाउँछ र शान्ति, शान्ति मात्र हुन्छ ।

भौतिकवाद र अध्यात्मवाद विश्वका महत्त्वपूर्णवाद हुन् । हामीलाई अध्यात्मवाद पनि चाहिन्छ । भौतिकवाद पनि चाहिन्छ । तर, कोरा भौतिकवादीहरू अध्यात्मवादको उपेक्षा गर्दछन् भने अधिकांश अध्यात्मवादीहरूले पनि त्यसरी नै भौतिकवादको नकारात्मक कुरा मात्र औंल्याउने गर्दछन । चाहेर होस् या नचाहेर हाम्रो दैनिक जीवन ती दुबै वादबाट प्रभावित छन् र पूर्ण जीवनकालागि हामीलाई ती दुबैको उत्तिकै आवश्यकता छ । तर कम्युनिष्ट सिद्धान्त भौतिकवादमा मात्र विश्वास गर्दछ अर्थात् त्यो भौतिकवादमा सीमित छ । त्यसैले त्यो सिद्धान्त अध्यात्मवादबाट टाढा छ । त्यसैले त्यो एकाङ्गी छ, अधुरो छ र अपूर्ण छ । उता बुद्धधर्मतिर हेरौं भने बुद्धधर्म धार्मिक दृष्टिले अध्यात्मवादी स्वभावको छ भने त्यसको सिद्धान्त र दर्शन भौतिकवादसँग मिल्दोजुल्दो छ । बुद्धधर्मले ती दुबै वादलाई समाहित गरेकोछ र दुबैको संगमस्थल भएको छ र त्यसैले बुद्धधर्म पूर्ण छ, परिस्कृत छ र परिपक्व छ ।

८



# बुद्धकालीन वाणिज्यको अवस्था : एक अध्ययन

✍ छत्रराज शाक्य, तानसेत

१. **विषय प्रवेश :**

गौतम बुद्धले व्यापारी एवं उद्योगपतिहरूलाई नैतिक पक्ष उच्च राखेर इमान्दारिका साथ सेवा भावले व्यापार व्यवसायमा लाग्न शिक्षा दिनुभएको छ । साथै व्यापारीले आफ्नो जीवन कसरी सुखमय आनन्दमय बनाउने र समृद्धतिर लाग्ने शिक्षा उपदेश दिनुभएको छ । भगवान् बुद्धको आदर्श नैतिक शिक्षाबाट भारतका विभिन्न जनपद राज्यहरू र नेपालको क्षेत्रहरूमा हुने वाणिज्य व्यापारिक गतिविधि ठूलो मात्रामा प्रभावित भएको थियो । बुद्धकालीन भारत र नेपालको वाणिज्य अवस्था विकसित समृद्ध थियो र त्यसबेला व्यापारी उद्योगपति साहु महाजनहरूको जीवन आनन्दमय सुखमय थियो ।

२. **बुद्धकालीन राज्य र नगरहरु**

बुद्धकालीन समय भनेको ई.पू. छैठौं शताब्दी हो । २६०० वर्षअघि नेपालमा नेपाल उपत्यकामा किराँत राज्य, कपिलवस्तु शाक्य गणराज्य, कोलीय राज्य, देवदह राज्यहरू थिए । बृहत भारत राष्ट्रअन्तर्गत १६ महाजनपदहरू अथवा राज्यहरू थिए । बौद्ध ग्रन्थ अंगुत्तरनिकाय अनुसार १६ महाजनपदहरू निम्नानुसार थिए- १. अंग २. मगध ३. काशी ४. कोशल ५. वज्जी ६. मल्ल ७. चेति ८. वंश (वत्स) ९. कुरू १०. पंचाल ११. मच्छ (मत्स्य) १२. सुरसेन १३. अस्सक १४. अवन्ती १५. गान्धार १६. कम्बोज

त्यसबेलाका भारत र नेपालका मुख्य मुख्य नगर निगम वा बस्तीहरू धेरै थिए । नेपाल राज्यमा काष्ठमण्डप वा कान्तिपुर, शाक्य गणराज्यमा कपिलवस्तु वा तिलौराकोट, मेत्तलुम्प निगम, देवदह राज्यमा देवदह निगम, कोलिय राज्यमा रामग्राम, हलिद्दवसन निगमहरू थिए ।

भारतका १५ महाजनपदहरूमा राजधानी प्रमुख नगर वाणिज्य केन्द्रहरू धेरै थिए । बुद्धकालमा मगध ( पाटलीपुत्र पटना), कोशल (पश्चिमी उत्तर प्रदेश) वंश र अवन्ती (उज्जैन) राज्यहरूलाई महाराष्ट्र भनिन्थ्यो । साथै बुद्धकालमा अंग देशको राजधानी चम्पा, मगधको राजधानी राजगृह, काशीको राजधानी वाराणसी, कोशलको राजधानी श्रावस्ती, वंशको राजधानी कौशाम्बी र साकेत यी ६ वटा महानगरमा गनिन्थ्यो । त्यसपछि पश्चिमतिर गन्धार राज्य, हालको पाकिस्तानमा पर्ने तक्षशिला, शिक्षाको साथै वाणिज्यको केन्द्र थियो अझै पश्चिममा कम्बोज राज्य (अफगानिस्तान) मुख्य थियो । यसको साथै वैशाली, मिथिला, आलवी, उज्जयिनी, सागल, सुंसुमारगिरिनगर, साकेत, इन्द्रप्रस्थ (दिल्ली), उक्कट्ठा, पाटलीपुत्र, जेतुत्तर, संकस्स र कुसिनारा आदि २० वटालाई प्रमुख नगरको रूपमा गनिन्थ्यो ।

३. **बुद्धकालीन बाणिज्यको अवस्था**

बुद्धकाल ई.पू. छैठौं शताब्दीमा जम्बूद्विप भारतका १६ महाजनपद वा राज्यहरूको बीचमा अन्तर राज्य वा अन्तरक्षेत्रीय रूपमा (Regional Trade) व्यापार वाणिज्य पर्याप्त मात्रामा हुन्थ्यो । माथि उल्लेख गरिएका विभिन्न महानगरहरू, नगरहरूको बीचमा विभिन्न सामग्रीहरूको व्यापार हुन्थ्यो । खासगरि कृषि पैदावार, खाद्यान्नहरू, धातुका विभिन्न सामानहरू, कपडा, माटाका विभिन्न भाँडाकुडाहरू, कृषि औजारहरू, पशुपंक्षी, जडीबुटीहरू, काठका सामानहरू आदिको आयात निर्यात व्यापार हुने गर्दथ्यो । ग्रामीण क्षेत्रमा कृषि पेशा मुख्य थियो । नगर क्षेत्रमा वाणिज्य व्यापार मुख्य पेशा थियो भने यसको साथै नगर बस्ती क्षेत्रमा अनेक शिल्पकारी काम अथवा विभिन्न व्यवसायीहरू पर्याप्त हुन्थे ।

**(क) शिल्पकारहरु**

बौद्ध ग्रन्थ दीघनिकाय, सामञ्ञफल-सुत्तमा २५ प्रकारका शिल्पकारहरूको वर्णन पाइन्छ, जुन निम्न प्रकारका छन्-

१. हत्थारोह (हात्तीको सवारी गर्नेवाला) २. अस्सारोह (घोडाको सवारी) ३. रथिका (रथ चलाउने) ४. धनुग्गहा (धनुष चलाउने) ५-१३चेलका (युद्धमा विभिन्न काम गर्नेहरू) १४. दासकपुत्ता ( दासहरू) १५. आलारिका (भान्छेहरू) १६. कप्पका (नाउ) १७. नहायका (नुहाउने वाला) १८. सुदा (हलवाई) १९. मालाकारा (माला बनाउने) २०. रजका (धोबी) २१. पेसकारा (कपडा बुन्नेवाला) २२. नलकारा (बेत र बाँसको बस्तुहरू बनाउनेहरू) २३. कुम्भकारा (कुमाल) २४. गणका (हिसाब जाँच गर्ने) २५. मुद्दिका (मुनिम) ।

यी २५ विभिन्न व्यवसायीहरूले बस्तु उत्पादन र सेवा कार्य गर्दथे । सेवा कार्य गर्नेहरूले दैनिक वा मासिक ज्याला पारिश्रमिक "कहापण" मुद्रामा पाँउदथे ।

**(ख) व्यापारी धनाढ्य सेंठहरु**

बुद्धकालमा भारतीय र नेपाली व्यापारी, उद्योगी र जनताको आर्थिक जीवन सुखी र समृद्ध थियो । बौद्ध ग्रन्थहरूमा व्यापारी सेंठहरूको धनसम्पत्तिको वर्णन गरिएको पाइन्छ । बुद्धकालीन केही सेंठहरूको यहाँ उल्लेख गर्नु सान्दर्भिक नै होला ।

(१) **श्रेष्ठि पुत्र सोण कोटिविंश-** यिनी चम्पा महानगर निवासी २० करोड मुद्राको मालिक थियो । यिनीसँग सुनका असर्फिहरू प्रशस्त थिए ।

(२) **सेंठ धनंजय-** यिनी साकेत महानगर निवासी थिए । यिनले आफ्नी पुत्री विशाखाको लागि ९ करोड मूल्यको महालता नामक आभूषण हार बनाइदिएका थिए ।

(३) **सेंठ अनाथपिण्डिक-** यिनी कोशल राज्यको राजधानी श्रावस्ती महानगर निवासी थिए । यिनले भगवान् बुद्धलाई धेरै लामो समयसम्म सेवा गरेका थिए । जेत राजकुमारको जमीनमा १८ करोड सुनको मुहर (मुद्रा) विछ्याएर जग्गा खरीद गरी अर्को ३६ करोड खर्च गरी जम्मा ५४ करोड कार्षापण खर्च गरी जेतवनाराम विहार बनाई भगवान् बुद्धलाई दान गरेको थियो । भारतको उत्तर प्रदेशको श्रावस्ती स्थलमा उत्खनन् गरी सो जेतवन विहारको पुरातात्त्विक अवशेष फेला पारिएको छ ।

(४) श्रावस्ती नगरका दुई कंजुस सेंठहरूका १ करोड र ८० लाख सम्पत्ति थियो । मरेपछि अपुतो भएकोले तिनीहरूका धन सम्पत्ती राजकोषमा गएको थियो ।

(५) काशी वाराणसी महानगरको एक धनवान सेंठको ४० करोडको सुन जमीनमा गाडेको थियो ।

माथि उल्लेखित सेंठ महासेंठहरू व्यापार वाणिज्य व्यवसाय गरेर नै धनवान भएको थियो । यिनीहरूका गृहस्थी जीवन सुखमय र आनन्दमय थियो ।

**(ग) व्यापारिक केन्द्र नगरहरुको अवस्था**

बुद्धकालीन व्यापारिक नगर महानगरहरूको आर्थिक अवस्था धनधान्यपूर्ण र समृद्ध थियो । श्रावस्ती नगरमा नपाइने बस्तु केही थिएन । धेरै नगर निगमहरूका व्यापारीहरूका जीवन व्यापारिक गतिविधिहरूका व्यस्त देखिन्थे । वाराणसीको कला कौशल धन, वैभव अनुपम थियो । मिथिला नगरको चार महाद्वारको बाहिर यवमज्भक बजारको रचना बनावट आधुनिक योजनावद्ध जस्तो लाग्दछ । लिच्छवीहरूको वैशाली नगरमा ७७०७ भरिएका धान्यागारहरू थिए । जनताका कोठाहरू अनाजले भरिएका हुन्थे । यी सबैले गर्दा, भगवान् बुद्धको पालामा भारतीय जनताको आर्थिक जीवन सुखी र समृद्ध थियो । देशमा स्वर्ण रजत, धनधान्य र पशुधनको कुनै कमी थिएन । महापरिनिब्बाण-सुत्तमा भनिएको छ कि कुशवती नगरीमा अस्नाथ, पिवथ, खादथ अर्थात् स्नान गर, पान गर, भोजन गर भन्ने यी ३ शब्दले नगर गुंजायमान हुन्थ्यो । यस्तै कूटदन्त-सुत्त अनुसार मनुष्य हर्षित, मोदित, काखमा पुत्रहरूलाई नचाएर खुला घरविहार गर्दथ्यो । त्यसबेला वैशाली नगरमा बहुजनाकीर्ण अर्थात् जनसंख्या बढी भएको, अन्नपान सम्पन्न नगरी थियो । यस नगरीमा ७७०७ पुष्करिणी अर्थात् बगैंचा तलाउ पोखरीहरू थिए । साथै हजारौं ठूला ठूला घर प्रासादहरू थिए । त्यसबेलाको दृष्टिकोणमा यसलाई सुखी र समृद्ध व्यापारिक आर्थिक जीवनको प्रतिक मान्न सकिन्छ ।

**(घ) अन्तरक्षेत्रिय र अन्तर्राष्ट्रिय व्यापार**

बुद्धकालमा नजिकका नगर र राज्यहरू बीच मात्र व्यपार चलेको होइन, टाढा टाढाका राज्य र नगर बीच पनि व्यापारिक गतिविधि पर्याप्त थिए । वाराणसीको एक व्यापारीले गधाहरूको पीठमा माल सामानहरू लादेर हजारौं माइल टाढा तक्षशिला (पाकिस्तान) सम्म व्यापार गर्न गएको बौद्ध ग्रन्थ अट्ठकथामा उल्लेख गरेको पाइन्छ । त्यसबेला वाराणसीमा विभिन्न बहुमुल्य दामी कपडाहरू तयार हुन्थ्यो । वाराणसीको अर्को एक जना व्यापारीले रातो वस्त्र मात्रै ५०० बैल गाडीहरूमा लादेर सावत्थी (श्रावस्ती) मा व्यापार गर्न गएको उल्लेख छ ।

मगध राज्यको राजधानी राजगृह नगरमा राजा बिम्बिसारले राज्य गरेको समयमा गन्धार राज्यको राजधानी तक्षशिलामा राजा पुक्कुसातिले राज्य गर्दथे । तक्षशिलाका एक समूह व्यापारीहरूले हजारौं किलोमिटर टाढा पश्चिम राजगृहमा आई राजा बिम्बिसारलाई विभिन्न सामाग्रीहरू कोसेली चढाएका थिए । राजा बिम्बिसारले ती व्यापारीहरूलाई कर भंसार छुट दिएको थियो । यो अन्तर राज्य वा अन्तर्राष्ट्रिय व्यापार थियो ।

बौद्ध ग्रन्थ सुसन्धि जातकमा भरूकच्छ वा भरूकच्छ (वर्तमान भरूच) त्यस समयको प्रसिद्ध बन्दरगाह पनि उल्लेख गरिएको छ । यो भारतको पश्चिमी महाराष्ट्रमा पर्दछ । अर्को यसको दक्षिण समुद्र किनारामा सुप्पारक बन्दरगाह थियो । सातौं शताब्दी ई.पू.मा यी बन्दरगाहरूबाट मालसामान ठूला ठूला कपडाको पाल भएको पानी जहाजमा लादेर फारसको खाडी पार गरेर मध्यपूर्वको बावेरू नगर (बेबिलोन) सम्म अन्तराष्ट्रिय व्यापार हुने ग्रन्थहरमा उल्लेख भएको पाइन्छ ।

बौद्ध ग्रन्थ मूलसर्वास्तिवाद विनय र कौटिल्य अर्थशास्त्रमा त्यस समयमा नेपाल उपत्यका र मगध राज्यको राजगृहबीचमा व्यापार गतिविधि चलेको थियो । राजगृहका व्यापारीहरू नै नेपाल आउँदथे । यसको साथै उत्तरी हिमाली क्षेत्र पारी तिब्बतबाट पनि गधा खच्चरमा माल सामान लादेर दक्षिण नेपाल आउँदथे । यसरी नेपाल उपत्यकामा उत्तर र दक्षिणबाट व्यापारीहरूको आवागमन निकै हुन्थे ।

**४. बौद्ध शिक्षा-व्यापारी र उद्योगी गृहस्थीहरुको लागि**

बुद्धशासनमा भिक्षु, भिक्षुणी, गृहस्थी उपासक र उपासिका चार समूह महत्त्वपूर्ण मानिन्छ । गृहत्याग गरी सन्यासी जीवन बिताउने भिक्षुभिक्षुणीहरूको लागि आध्यात्मिक मार्गमा अगाडि बढ्न धेरै आध्यात्मिक शील, नियमहरू पालन गर्नु पर्दछ । यिनीहरूका लागि भगवान् बुद्धबाट निर्वाण मार्गतिर उन्मुख हुन आध्यात्मिक उपदेशहरू पर्याप्त मात्रामा दिइएका छन् । भिक्षु जीवन बिताउन नसक्ने गृहस्थीहरूलाई पनि धर्मको बाटोमा अगाडि बढ्नको लागि भगवान् बुद्धले धार्मिक उपदेश शिक्षाहरू दिनुभएको छ । त्यस्तै खास गरेर व्यापारी उद्योगपति गृहस्थीहरूको लागि पनि गौतम बुद्धबाट व्यावहारिक शिक्षाहरू पर्याप्त दिइएका छन् ।

बुद्धशिक्षा अनुसार गृहस्थ व्यक्तिले निम्न ५ उद्देश्य लिएर धन संपत्ति कमाउने गर्दछन्-

१) **सुख ऐश्वर्य भोगको लागि**

२) **अरुको पोषण गर्नको लागि**

३) **आपत्तिबाट बच्नको लागि**

४) **पंचबलि अर्थात् नाताकुटुम्ब-अतिथि आदि पाच वर्गलाई सत्कार गर्नको लागि**

५) **श्रमण भिक्षुहरुको सेवाको लागि**

यसको साथै उद्योगी व्यापारीहरूमा कुशाग्र बुद्धि, व्यवहार कुशलता र बस्तुको मूल्य निर्धारण गर्ने क्षमता आदि ३ गुणहरू हुनुपर्ने कुरा बुद्धशिक्षामा उल्लेख गरिएको छ । साथै बुद्धशिक्षाले व्यापारीहरूलाई व्यवसायबाट आर्जन गरेको कुल आयलाई निम्नानुसार चार भागमा विभाजन गरी उपयोग गर्नुपर्ने बताउँदछ-

१) **१ भाग खान लाउनमा**

२) **२ भाग आफ्नो व्यापार व्यवसाय वृद्धि गर्न लगानी गर्न**

३) **१ भाग आपतकालको लागि संचय गर्ने ।**

अर्को महत्त्वपूर्ण कुरा भगवान् बुद्धको उपदेश आर्य अष्टांगिकमार्गअन्तर्गत सम्यक् आजीविका अनुसार गृहस्थ व्यापारीहरूलाई मिथ्या आजीविकाबाट टाढा रही ठीक-सही तरिकाले कमाएर जीविका गर्न निम्न ५ वटा बस्तुको व्यापार गर्न वर्जित गरिएको छ-

१) **हिंसालाई बढावा दिने, देशमा अशान्ति ल्याउने शस्त्रास्त्रको व्यापार गर्नु हुादैन ।**

२) **बालक, आइमाई र मानिसको र विभिन्न पशुको किनबेच व्यापार गर्नु हुादैन ।**

३) **मारेर मासुको व्यापार गर्नु हुादैन ।**

४) **मानिसको बुद्धिलाई भ्रष्ट गर्ने मानसिक असन्तुलन ल्याउने रक्सी मदिराको लागु औषधी व्यापार गर्नु हुादैन ।**

५) **मानिस एवं जीवनको प्राण लिने विषको व्यापार गर्नु वर्जित गरिएको छ ।**

गृहस्थ व्यापारीहरूले उपरोक्त ५ वटा अकुशल कुकर्म त्यागेर सम्यक् व्यापार गरी सेवा एवं पुण्य कर्म गरेर यही मार्गमा उन्मुख भएर आफ्नो जीवन सुखमय एवं आनन्दमय बनाउन सक्ने हुन्छ ।

(५) **उपसंहार**

अन्तमा, ई.पू. छैठौं र सातौं शताब्दीमा बुद्धकालमा भारतको १६ महाजनपदहरू, राज्यहरू नेपाल उपत्यका, कपिलवस्तु महानगरहरू बीचमा विभिन्न सामानहरूको क्षेत्रिय र अन्तराष्ट्रिय व्यापार हुने गर्दथ्यो । महानगरबासी, व्यापारी, गृहस्थीहरूको जीवन सुखमय आनन्दमय र समृद्ध थियो । भगवान् बुद्धले उद्योगी, व्यापारी गृहस्थीहरूलाई उच्च नैतिकता राखेर इमान्दारीपुर्वक सेवा भावले व्यापार व्यवसाय गरेर गृहस्थी जीवन सुखमय र आनन्दमय बनाउदै धर्म मार्गमा अगाडि बढ्न पर्याप्त मात्रामा धर्मोपदेश उपदेश र शिक्षा दिनुभएको छ । अस्तु । भवतु सब्ब मंगलं ॥ ८

**सन्दर्भ ग्रन्थ सूचि**


१) अर्याल, केशवराज (अनुवादक)ः **कौटिल्यको अर्थशास्त्र**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, संस्कृति विभाग, काठमाडौं वि.सं. २०२४

२) उपाध्याय, डा. भरत सिंहः **बुद्धकालीन भारतीय भूगोल**, प्रयाग हिन्दी साहित्य समिति, वि.सं. २०१८

३) भद्दन्त, आनन्द कौशल्यायनः **जातक**, विभिन्न खण्डहरू, प्रयाग हिन्दी साहित्य सम्मेलन

४) David, T.W.Rhys : **Buddhist India**, Motilal Banarasidas, Delhi 1981



# आजको आवश्यकता – वृद्धाश्रम

✍ आशाकाजी सेवक, बनेपा

समाज परिवर्तनशील छ । कहीँ चाँडे परिवर्तन देखापर्छ कहीँ ढिलो । परिवर्तन चाहिँ अवश्यम्भावी छ । हाम्रो देश नेपाल भूपरिवेष्ठित मुलुक भएकाले र सयौं वर्षसम्म एक प्रकारको तानाशाही सरकार देशमा भएकोले परिवर्तनको लहर बेग गतिले आएन तर परिवर्तनको छाल विस्तारै सबै क्षेत्रहरू– राजनीति, अर्थ, समाज, शिक्षा, यातायात, परिवार, छुवाछुत, जातजाति, धर्म, संस्कृति आदि आदिमा क्रमशः प्रभाव पारेका हुन् । यसरी प्रभावपार्दा कहीँ राम्रा भएका छन् भने कहीँ अति नराम्रा भएका छन् । यहाँनिर समाजमा देखिएका पारिवारिक असर र त्यसबाट मुक्ति हुने मार्गको बारेमा केही चर्चा गर्न लागेको छु मैले ।

हाम्रो पूर्वी सभ्यतामा संयुक्त परिवारलाई राम्रो परिवार मानिन्छ । संयुक्त परिवार भन्नाले आमा, बाबु, बाजे, बज्यै, छोरा, बुहारी, दाजुभाइ, दिदीबहिनी, नातिनातिनीहरू ३/४ पुस्ताका एउटै घरमा, एउटै भान्छामा, एउटै सहकार्यमा बस्नु हो । यसरी बस्दा परिवारका सदस्यहरूमा अधिक माया ममता हुन्छ । जे छ बाँडिचुँडी खान्छन् । घरको मुलीले ढुकुटीको साँचो बोकेको हुन्छ । खेतीपाती, ब्यापार, जागिर, उद्योग जे गर्दछ परिवारले मिलेर गर्छन् । यो व्यवस्था कुनै जमानामा राम्रो थियो । परिवर्तनकारी समाजमा संयुक्त पारिवारिक प्रथामा नराम्रो प्रभाव पार्न सुरू भई सकेका छन् । विस्तारै विस्तारै सानो परिवार अर्थात् एकल परिवारतर्फ हाम्रो समाज उन्मुख हुँदैछ । एकल परिवार भन्नाले लोग्ने, स्वास्नी र नाबालक सन्तान भन्ने बुझ्नुपर्दछ । जुन बेला कृषिप्रधान युग थियो, संयुक्त परिवारको महत्त्व देखियो । अहिलेको समाजमा उद्योग, राजनीति, ब्यापार, जागिर, मजदुर, कृषि आदि विभिन्न इलम आदि जीवनले गर्दा एकल परिवार मानिसहरूले सञ्चालन गरेका छन् । एकल परिवारको प्रथा पश्चिमी सभ्यताको प्रभाव हुन् भन्दा अत्युक्ति हुने छैन । यस सभ्यताको आगमनले परिवारको आमाबाबु अर्थात् वृद्धवृद्धाहरू अति नराम्रोसँग प्रभावित भएका छन् । निसहाय नै भएका पनि छन् ।

चाहे शहर होस् चाहे गाउँ होस् विस्तारै विस्तारै एकल पारिवारिक प्रथाले फेवातालको इयाउजस्तै समाजमा झ्याँगिंदै गइरहेछ । यसबाट प्रभावित हुने वृद्धवृद्धाको संख्या दिनपरदिन थप्दै गएका छन् र जानेछन् । परिवारबाट विस्थापित हुँदैछन्, वृद्धवृद्धाहरू बाध्यताले । यसरी विस्थापित हुनेहरूका लागि समयमै चिन्तन मनन् गरी केही उपाय सोच्नु पर्दछ भन्ने भावनाले दिवंगत भन्ते भिक्षु सुमङ्गल महास्थविरले चाहेअनुसार बौद्ध वृद्धाश्रमको स्थापना गरी काभ्रे जिल्लाको बनेपा नगरपालिका वडा नं. ४ ध्यानकुटी विहारसँग जोडिएको ठाउँमा सञ्चालन भइरहेको सर्वविदितै छ ।

हुन त सबै देशमा सबै समाजमा वृद्धवृद्धाहरूप्रति हेरिने गरिने दृष्टिकोण फरकफरक हुन्छन् । मलाई संयुक्त राज्य अमेरिकामा सुनिएका कुरा राम्रो लाग्यो । त्यहाँ वृद्धवृद्धा हेर्न नर्सिङ्ग होम (वृद्धाश्रम) जाँदा सुनिएका थिएँ – बाबुआमा बाचुञ्जेलसम्म छोराछोरीले सम्पत्ति माग्न पाउँदैन । बाबुआमा मरेपछि जे जति पैतृक सम्पत्ति छन्, त्यसको हकदार छोराछोरी हुन्छन् । वृद्धाश्रम सरकारी, सामुदायिक तथा निजी पनि हुँदा रहेछन् जस्तो नेपालमा । फरकता के छ भने नेपालमा छोराहरूलाई भएको सम्पत्तिको अंश दिंदादिंदै आमाबाबुलाई खान लाउन पुग्दैन । अनि कष्टकर जीवन गुजार्नु पर्ने हुन्छ । त्यतिमात्र कहाँ हो र? सँगै बसे छोराबुहारीले खान लाउन नदिई घरबाट निकालिन्छ । कोही छोरीको घरमा शरण लिन जान्छन् भने कोही चिनजानका घरको छिँडीमा बसेर रोइरहेका हुन्छन् । धेरैको भनाइ– नपढेकाले माया गर्छन्, पढेकाले खेदो गर्छन् । कथामा पाइने अजातशत्रु र श्रवण कुमारजस्ता सन्तान पनि देखिन्छन् । उमेर गएका बाबुआमाप्रति हेला गर्ने गाउँ शहर जहाँ पनि पाइन्छन् । **अमेरिकामा बाबुआमा बाचुञ्जेल पैतृक सम्पत्तिको खण्डिकरण गर्नु नपरेजस्तै हामीकहाा पनि व्यवस्था हुनुपर्ने हो । ऐन कानून बनाउनेहरुले बूढाबूढीको लागि संरक्षण गर्न पैतृक सम्पत्तिमा छोराछोरीहरुले बााचुञ्जेल दावी गर्न नपाइने, छोराछोरीले आमाबाबुलाई पाल्नु पर्ने कानून बनाउनु पर्नेमा झन उल्टो बाबुआमाले छोराछोरी नातिनातिना पाल्नुपर्ने, भिन्न बसेमा अंश दिनुपर्ने कानूनी प्रावधानले बूढाबूढीहरु दरिद्र भएका हुन् । सरकारले दिएको वृद्धभत्तासमेत सन्तानले खोसेको समाचार पनि कहीकही पढेको छु ।** अधिकांश बूढाबूढीहरूको भनाइ यस्तो लाग्यो –

***"न सकिन्छ गरी खान, न सकिन्छ मरी जान,***
***बूढा भयो सबर□ गयो, आगन भयो परदेश,***
***साथी भाइ टाढा भयो, नाता कुटुम्ब पर भयो,***
***आासु नै जिन्दगीको साथै बस्ने सहारा भयो ।"***

बाबु छोराको बीचमा यति झगडा हुँदारहेछन् की बाबुआमालाई मर्दा दागबत्ती नदिई आशोच नबार्ने पनि समाजमा

देखिएका छन् । कोही आमाबाबु मर्दा हाँस्ने, खुशी हुने पनि देखिएका छन् । पहिला-पहिला छोराछोरीलाई डाँडाकाँडा ढाक्नेगरी सन्तान जन्माओस् भनी आशीर्वाद दिन्थ्यो । अहिले त्यस्तो आशीर्वादको चलन गयो । अब त एउटा, बढी भए दुईवटा । **चाहे छोरा चाहे छोरी । जति थोरै सन्तान जन्माएतापनि उनीहरुका पनि बूढेसकाल राम्रो होलाजस्तो मलाई लाग्दैन । किनभने आफूले राम्रो गरेको भए पो  अरुले पनि आफूलाई राम्रो गर्छ ।** नेपालीमा एउटा आख्यानात्मक प्रसिद्ध कथा छ - **"डोको फर्कि फर्कि आउाछ ।"**

वृद्धाश्रममा बसेर गएका एकजना वृद्धको भनाइ थियो- "सन्तानहरूलाई धेरै पढाउनु हुँदैन । उनका छोराछोरीहरूले धेरै पढे, धेरै ठूलो जागिर खाए, तिनीहरू खुसी भए तर उ एक्लै भए ।" उनी हाम्रो समाजको प्रतिनिधि हुन् सम्झौं मात्र । हरिहर शर्माको **"जनैको साचो"** सिरियल हेरेर कतिजना रोए, हिन्दी फिल्म **"बागबान"** हेरेर कतिजना रोए, कतिजनाले हामी हाम्रो बाबुआमालाई स्याहार सम्भार गर्छौं भन्थे । एक प्रकारको चेतना ल्याइदियो । **पढेलेखेका समाजमा बाबुआमालाई समाजमा नाता जोडाएर देखाउन नचाहने अरुका के कुरा बनेपामै छन् । आफ्नो बाबुलाई साथीभाइले उनी को हो भन्दा "सरभेन्ट" भनेको छोरा बनेपाली नै हुन् । सरभेन्टको अर्थ नोकर भनेर बुझ्दा बूढो बाबुको मन कति रोयो होला?** **"सन्तान"** फिल्ममा पनि नायकले आफ्नो घरमा उत्सवको भोजमा गाउँबाट आएकी कामगर्ने केटी भनी आमालाई चिनाउँदा आमा असाध्य पीडामा परिन् । **यो फिल्म हामीले पोखरामा हेर्दा मेरी जहान गणेशमाया श्रेष्ठ धुरुधुरु रोइन् । "मातृ देवः भवः पितृ देवः भवः"** भन्ने पूर्वी सभ्यता एका देशको कथा भैसकेको छ ।

विवाह नभएका, विवाह भएपनि सन्तान नभएका र विधवा अनि विदुरका कथाहरू खोज्नु छ भने गाउँ शहर चहार्नु पर्छ । समाजमा आइग्लासका पावरवाल चश्माले खोतल्नु पर्छ- पाइएला कति कति? विधवाहरूको चित्कार सुनिएको छु मेरो कोख नै बाँझो भएको भए यति दुःख खप्नु पर्ने थिएन । यी तीतो सत्य कुराहरूको समस्या समाधान गर्न पैतृक सम्पत्तिमा आमाबाबु बाँचुन्जेल हक नलाग्ने कानून सरकारले बनाउनु पर्थ्यो, तर बनाउन चाहँदैन । पैतृक सम्पत्ति नलिने भन्नेले पनि झगडा गरिलिएको देखेको र सुनेको छु । गरिब निमुखाहरूका लागि सरकारी वृद्धाश्रमहरू प्रत्येक जिल्लामा पर्याप्त बनाउने, हुनेखाने पेन्सनधारीहरूका लागि सामुदायिक तथा निजी वृद्धाश्रमहरूको निर्माण र सञ्चालन आवश्यकतानुसार जताततै स्थापना गर्ने, यस्ता वृद्धाश्रमहरूलाई सरकारी अनुदान दिनुपर्ने । यसै सन्दर्भमा बनेपामा खुलेको सामुदायिक बौद्ध वृद्धाश्रम पनि एक हो । श्रद्धेय भन्ते सुमङ्गल महास्थविरले यो बौद्ध वृद्धाश्रममा जातपात, धर्म, उँचनीच, गरिबधनीको भेदभाव नगराई सबैको लागि ढोका खुलेको छ । यस वृद्धाश्रममा हिन्दूधर्मावलम्बी, क्रिश्चियन, बौद्धमार्गी, नेवार, शेर्पा, कसाहीं आदि सबै धर्म र थरका वृद्धवृद्धाहरू बस्छन्, बसेर गएका छन् । यस संस्थाको मूल मन्त्र छ- **"वृद्धवृद्धाको सेवा नै हाम्रो आत्म-सन्तुष्टी हो ।"**

बौद्ध वृद्धाश्रम (बनेपा) करिब ८ रोपनीको कम्पाउण्डमा भुईंतल्ले २० जनालाई बसोबास गर्ने कोठाहरू बनेका छन् । कम्पाउण्डभित्र घुमफिर गर्ने ठाउँ, भगवान् बुद्धको मूर्ति वृद्धाश्रमका पूर्वअध्यक्ष धम्मवती गुरुमाँले स्थापना गरेकी छिन् । एउटा नागपोखरी यहाँ बसोबास गरेर गएकी वृद्धा निर्मला जोशीले बनाएकी हुन् । गर्मीमा शितल हावाखान हिउँद्मा घाम ताप्न अति रमाइलो ठाउँमा वृद्धाश्रम बनाइएको छ ।

बजार भाउअनुसार यहाँ बस्ने वृद्धवृद्धाहरूले थपघट गरी मासिक आश्रम शुल्क तिर्नुपर्ने व्यवस्था गरिएकोछ । यो सरकारी वृद्धाश्रम होइन, यो निजी वृद्धाश्रम पनि होइन । यो नाफा नकमाउने सामुदायिक बौद्ध वृद्धाश्रम हो । अहिलेसम्म यसले सरकारी अनुदान पाएको छैन । अनुदान पाएमा थोरै शुल्कमा सेवा गर्न सकिन्छ । यहाँ बस्न आउनेले मासिक आश्रम शुल्क रू.३,०००।- भर्ना शुल्क (एक पटकमात्र) रू.३,०००।- फिर्ता हुने डिपोजित रू. ३,०००।- र फाराम शुल्क रू. ५०।- गरी सुरुमा भर्ना हुनआउँदा जम्मा रू. ९,०५०।- तिर्नु पर्दछ । आफ्नो श्रीसम्पत्ति वृद्धाश्रमलाई सुम्पेर आजीवन वृद्धाश्रममा बस्ने व्यवस्था पनि छ । साथै राजनीतिक, सामाजिक, साहित्यिक, आर्थिक आदि विभिन्न क्षेत्रमा नाम कमाएका विशिष्ट व्यक्तिहरू पनि अस्थायी रूपमा वृद्धाश्रममा बसेर आराम गर्न वा विशेष अध्ययन अन्वेषण गर्न पनि सकिने छ ।

वृद्धाश्रममा बस्न आउनेले आफूलाई लगाउने लुगा मात्र ल्याए पुग्छ । ओछ्यान, खात, सबै वृद्धाश्रमले व्यवस्था गर्छ । विहान नास्ता र खाना, दिउँसो खाजा र बेलुकीको खानासमेत चारपटक खाना खुवाइन्छ । मधुमेह (सुगर), ब्लड प्रेशर आदि रोगी भए सोहीबमोजिम विशेष खानाको व्यवस्था गरिनेछ । लुगासमेत वृद्धाश्रमको तर्फबाट धोइ दिइन्छ । सामान्य घाउचोट जस्ता शारीरिक रोगको उपचारमा वृद्धाश्रमले खर्च पनि गर्छ । अस्पतालमा उपचार गर्नुपरेमा विरामीको खर्चमा वृद्धाश्रमले हरतरह सेवा गर्ने गरेको छ ।

बुद्धविहार, भृकुटीमण्डपका संस्थापक श्रद्धेय भिक्षु सुमङ्गल महास्थविरले नै बौद्ध वृद्धाश्रमको संस्थापक अध्यक्ष हुनहुन्थ्यो । उहाँको देहावसानपछि केही वर्ष अनागारिका धम्मवती गुरुमाँले अध्यक्ष भई वृद्धाश्रम सञ्चालन गर्नुभयो । हाल बुद्धविहार, भृकुटीमण्डपका प्रमुख जोश, जाँगरका युवा भन्ते कोण्डन्यले अध्यक्ष भएर वृद्धाश्रम सञ्चालन गर्ने जिम्मा लिएका छन् । उनी वृद्धवृद्धाहरूलाई होटेल बस्दाको जस्तो सबै सुविधासम्पन्न स्थलको रूपमा परिवर्तन गरी वृद्धवृद्धाहरूका लागि सुख, शान्ति, आत्मसन्तुष्टि दिने योजनामा लागिरहेका छन् । श्रद्धालुहरूबाट अपेक्षा गरिएअनुरूप सहयोग प्राप्त भएमा उनको योजनाले भविष्यमा कार्यरूप लिने सुनिश्चि छ । ❀

*(लेखक बौद्ध वृद्धाश्रम, बनेपाका कार्यकारिणी सदस्य हुन्, आनन्द-भूमि वर्ष ३८ अंक ४, २०६७ बाट साभार रचना)*

# अनिच्चावत संखारा



जन्म :
वि.सं. १९९१ फागुन २०

दिवंगत :
वि.सं. २०७१ मंसिर ६

**बनेपास्थित बौद्ध वृद्धाश्रम** (दिवंगत भिक्षु सुमंगल महास्थविरबाट स्थापित तथा हाल बुद्धविहार भृकुटीमण्डपबाट संरक्षित) **लाई स्थापना कालदेखि निरन्तररुपमा संचालन गर्न महत्त्वपूर्ण योगदान गर्दै आउनुभएका कार्यकारिणी सदस्य, वरिष्ठ शिक्षाविद् एवं समाजसेवी दिवंगत आशाकाजी सेवकलाई सुगतिसहित निर्वाण लाभ होस् साथै शोकसन्तप्त परिवारले अनित्यताको बोध गरी धैर्य धारण गर्न सकोस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।**

-- **भिक्षु कोण्डन्य** --
अध्यक्ष/प्रमुख
तथा

**बौद्ध वृद्धाश्रम परिवार, बनेपा**
**बुद्धविहार भृकुटीमण्डप परिवार, काठमाडौं**
S.S.Niketan School Family, Ktm.

# बुद्ध खोज्दै क्युबेली सुन्दरी

**"अहिले शान्ति अपरिहार्य भएको छ । शान्तिबिना कोही बाच्नै सक्दैन त्यसैले म विश्वशान्तिको प्रेरणाको स्रोत रहेको बुद्धभूमिमा आएकी हुँ"** क्युबेली सुन्दरी दर्यान लिजले भनिन् । मिस ग्रान्ड २०१४ की उपाधि विजेता उनले शान्तिको उद्गम स्थल लुम्बिनी र तिलौराकोटबाट सन्देश लिएर द्वन्द्वग्रस्त दक्षिण अफ्रिकी मुलुकमा भ्रमण गर्न यहाँ आएको बताइन् ।

**"मानव जातिलाई महान् ज्योति, आशा र सर्वोच्च आनन्द प्रदान गर्नुहुने भगवान् बुद्धलाई सधैं शान्तिका लागि उत्प्रेरित गर्ने भूमिबाट शान्तिको उर्जा दिन"** आफू यहाँ आएको उनको दावी थियो । विश्वमा बढिरहेको अहंकार र महत्वाकांक्षाले द्वन्द्व र अशान्तिलाई प्रश्रय दिइरहेकाले बुद्धको शान्ति-शिक्षा अहिले पनि उत्तिकै सान्दर्भिक रहेको उनले बताइन् । **"युद्ध रोकौं शान्ति कायम गरौं"** भन्ने आह्वानका साथ यात्रामा निस्किनु अघि उनले भनिन्, **"जसरी एउटा पोखरीमा सानो ढु□ा फल्दा त्यसको छालले टाढाटाढासम्म असर पुऱ्याउछ, त्यसरी नै यो यात्राले शान्तिरुपी तर□लाई टाढाटाढासम्म पुऱ्याउन मद्दत गर्नेछ ।"**



गत सेप्टेम्बर ७ मा थाइल्यान्डको बैंककमा ग्रान्ड इन्टरनेसनलले गरेको ८५ राष्ट्रका सुन्दरीहरूको प्रतिस्पर्धामा सबैलाई उछिन्दै उनले मिस ग्रान्डको उपाधि चुमेकी थिइन् । प्रतियोगितामा १ सय २ जना सहभागी रहेका थिए । ४५ केजी तौल भएकी उनले २००९ मा मिस फ्लोरिडा इन्टरनेसनल उपाधिसमेत जितेकी थिइन् । बीबीए उत्तीर्ण उनी पियानो बजाउन र नाच्न पनि अब्बल छिन् । २७ वर्षीया उनै सुन्दरी गत कार्तिक २२ गते शनिवार बुद्धस्थल कपिलवस्तु आएकी थिइन् । त्यसअघि उनी बुद्ध जन्मस्थल लुम्बिनीमा थिइन् ।

उनले कपिलवस्तुस्थित बाल गृहमा पुनर्स्थापित बालकसँग पनि भेटघाट गरिन्, बालकलाई पाउरोटी, चकलेट र मिठाई वितरण गरेकी थिइन् । बाल गृहका अध्यक्ष राजु अर्याललाई एक सय डलर सहयोग पनि गरिन् । बालगृहमा नेपालका विभिन्न जिल्लाका १७ पुनर्स्थापित बालक छन् । त्यसैगरी उनले बसन्तपुर-१ का दलित समुदायलाई समेत भेटघाट गरेकी थिइन् । शान्तिको अभियान लिएर क्युबेली सुन्दरी लिज द्वन्द्वग्रस्थ मुलुक दक्षिण सुडान, इथोयोपिया लगायत १० मुलुक जानुअघि नेपाल आएको मिस ग्रान्ड इन्टरनेसनल प्रतियोगितामा नेपालबाट सहभागिता जनाएकी २१ वर्षीया सिर्जना रेग्मीले बताइन् । ८

**– मनोज पौडेल**

**पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु**
**पुण्य (कुशल कर्म) गर्दै जानु ।**
**आफ्नो चित्तलाई (मन) शुद्ध गर्नु**
**यहि नै बुद्धको उपदेश हो ।**

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel.: 4225625 / 4244173

**बिश्व मोटर ट्रेडर्स**

**ख-२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।**
**फोन नं.: ४४३३४८१, ४०३००४४, ०१२२९२२३०**
E-mail: vishwamotor@gmail.com
**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरुको लागि सम्पर्क गर्नुहोस् ।**



# जगतहितको लागि बोधिचर्या

✍ लोकबहादुर शाक्य

हेतु र फलको हिसाबले प्रज्ञा दुई प्रकारको हुन्छ । १) हेतु भूता प्रज्ञा, २) फलभूता प्रज्ञा । हेतु भूता प्रज्ञा पनि दुई प्रकारका हुन्छन् । क) पृथग्जन बोधिसत्त्वको प्रज्ञा र ख) आर्य बोधिसत्त्वको हेतुभूता प्रज्ञा पनि श्रुतमयी, चिन्तामयी र भावनामयी हुँदै क्रमशः उत्कृष्ट बन्दै जान्छ र परिणामस्वरूप आर्य बोधिसत्त्वको प्रज्ञा बन्न पुग्छ । आर्य बोधिसत्त्वको प्रज्ञा पनि बोधिसत्त्वका दशभूमि अनुसार क्रमशः प्रथम भूमिदेखि उच्चतहको हुँदै दशौं भूमि पार गरेपछि उत्पन्न भएको प्रज्ञा नै बुद्धभूमिको प्रज्ञा हो । यसलाई नै फलभूता प्रज्ञा भन्दछन् । यही नै बुद्धको प्रज्ञा हो र सर्वज्ञज्ञान या ज्ञान धर्मकाय भनेर जानिन्छ ।

दुःख निवृत्तिकांक्षयाको मतलब के हो भने नरक, तिर्यक, प्रेत, मनुष्य, देव, असुर यी ६ गति (कहीं कहीं असुरलाई प्रेत र देवभित्र समेटेर पाँच गति पनि भनिन्छ) कर्म र क्लेशको वशमा परेर निरन्तर घुम्दै जन्म, मृत्यु, जरा, व्याधि, प्रियवियोग, अप्रियसंयोग, शोक, विलौना, अशान्ति, खिन्नता आदि विभिन्न दुःखहरू भोगिरहनुपर्ने अवस्था नै दुःख हो र यसको अन्तिम तहमा सारांशमा पाँच उपादान स्कन्धले युक्त हुनु नै दुःख हुन आउने भएकोले यो दुःखबाट समेत निवृत्ति हुनु नै पूर्णरूपमा सदाका लागि मुक्त हुनु हो । यसलाई आत्यन्तिक दुःख निरोध पनि भनिन्छ । जसलाई यसको आकांक्षा छ, उसले प्रज्ञा उत्पन्न गर्नुपर्छ । प्रज्ञाले अविद्याको निरोध हुन्छ । अविद्या निरोध भएपछि संस्कारको निरोध हुन्छ, त्यसबाट विज्ञान (प्रतिसन्धि) को निरोध हुन्छ । एवं क्रमले नामरूप, षडायतन, स्पर्श, वेदना, तृष्णा, उपादान, भव, जाति, जरामरण सबैको निरोध हुन्छ । यसरी द्वादशांग प्रतीत्यसमुत्पादनको निरोधले भवचक्त बन्द हुन्छ । दुःखनिवृत्ति भनेको यही हो । यसमा अविद्या, तृष्णा र उपादानको निरोध हुँदा क्लेश पक्षको उच्छेद हुन्छ । त्यस्तै संस्कार र भवको निरोध हुँदा कर्मको उच्छेद हुन्छ र बाँकी सातवटा प्रत्ययको निरोध हुँदा दुःखको उच्छेद हुन्छ । यसरी नाश हुने अविद्या

**– सर्वसत्त्व प्राणीहरुलाई हितसुखको मार्ग अपनाएर बोधिसत्त्व चर्याद्वारा बुद्धत्व प्राप्त गर्नको निमित्त पुण्य संभार, ज्ञान संभार पूर्ण चर्या गर्ने उद्देश्यले अनेक विहार-बही स्थापना गरिएको अत्यन्त महत्त्व छ भन्नुपर्‍यो । विहारहरुमा धर्मका कार्यक्रम भएता पनि लक्ष्यअनुरुप सुचारु रुपले पूर्ण चर्या गरेको दुर्लभ छ भन्न कर लागेको छ ।**

क्लेशावरण हो र यसबाटै राग, द्वेष आदि अन्य तृष्णाहरू निस्किने हुनाले यसलाई प्रधान क्लेश भनिन्छ । यसले निर्वाणको साक्षात्कार गर्नमा बाधा पुर्‍याउने भएकोले यसलाई क्लेशावरण भन्छन् ।

श्रावक र प्रत्येकबुद्धहरूले क्लेशावरणको प्रहाण गरेर यथाशीघ्र निर्वाण लाभ गर्ने चाहना राख्छन् । परन्तु बोधिसत्त्वहरूले प्राणीहरूलाई दुःखबाट मुक्त गराउन बुद्धता प्राप्ति गर्न चाहने भएकोले क्लेशावरणको मात्र प्रहाण गरेर पुग्दैन । उनीहरूले ज्ञेयावरण भन्ने अर्को आवरणलाई पनि त्याग्नुपर्छ । ज्ञेयावरण भनेको समस्त ज्ञेय धर्महरूलाई ग्राह्य र ग्राहकको भेदसहित ग्रहण गर्ने चित्तको सूक्ष्म वासना हो र चन्द्रकीर्ति आदि प्रासङ्गिक माध्यमिक आचार्यहरूका अनुसार क्लेशावरणकै वीज हो । यसैले नै बुद्धका अद्वितीय गुण र क्षमताहरूको अभिव्यक्तिलाई रोकेको हुन्छ । यदि यो आवरण पनि नष्ट भयो भने उपाय या करूणासँग अद्वय भएको र सम्पूर्ण श्रेष्ठ आकारहरूले युक्त भएको शून्यता (**सर्वाकारवरोपेन शून्यता**) को ज्ञान हुन्छ र अप्रतिष्ठित निर्वाणमा स्थित भइन्छ । बुद्धता भनेको यही हो ।

सत्य दुई किसिमका मानिएका छन् । संवृत्तिसत्य र परमार्थसत्य ।

**संवृतिसत्य :-**

**"संवियते आवियते यथाभूत परिज्ञानं स्वभावावरणादावृत्त प्रकाशनाच्च अनयेति संवृतिः"** अर्थात् धर्महरूको यथाभूत स्वरूपको

ज्ञानलाई ढाक्ने या लुकाउने र ढाकिएको गलत र अयथार्थ स्वरूपलाई प्रकाशित गर्ने स्वभाव जसको छ त्यही नै संवृत्ति हो । अविद्या, मोह, विपर्यास यी पनि त्यसकै पर्यायवाची शब्द हुन् । "**अभूतं ख्यापयत्यर्थ भूतमावृत्य बर्तते**" अर्थात् यसले नभएको कुरालाई देखाउँछ र भएको कुरालाई ढाकिदिन्छ । स्वभावलाई ढाक्ने मोह नै संवृत्ति हो र त्यसले जुन सत्यलाई प्रकाशित गर्छ त्यो कृत्रिम कुरा नै हो । उक्त कृत्रिम कुराहरूलाई (हेतुप्रत्ययबाट उत्पन्न भएका) संवृत्ति भनिएको छ । अतः घट (घडा), पट (कपडा), रूप आदि कृत्रिम वस्तुहरू जसका सामु सत्यको रूपमा प्रकाशित हुन्छन् त्यो मोह या अविद्या नै संवृत्ति हो । यसले ती वस्तुहरूलाई स्वभावतः सत् भनेर ग्रहण गर्दछ । जसरी डोरीमा अज्ञानले गर्दा सर्पको भान् हुन्छ, त्यसैगरी बुद्धि (अविद्या) ले समस्त धर्महरूको निःस्वभावतालाई ढाकेर स्वभावतः सत् रूपमा ग्रहण गर्छ । त्यसैले अविद्याले ढाकिएको दृष्टिमा जुन जुन कुरा सत्य लाग्छन्, ती ती कुराहरू संवृत्तिसत्य हुन् । यसलाई व्यवहारसत्य पनि भनिन्छ ।

सम्पूर्ण भाव (पदार्थ) हरूले सम्यक् र मिथ्या देखाइएका आधारमा दुई किसिमका रूपहरू धारण गरेका हुन्छन् । तीमध्ये जुन चाहिं सम्यक् दृष्टिवालाहरूको विषय हुन्छ, त्यो तत्त्व हो भने जुन चाहिँ मिथ्यादृष्टिवालाको विषय हुन्छ, त्यो संवृत्तिसत्य हुन्छ भनेर बताइएको छ । यो संवृत्तिसत्य भनेको लोकको लागि व्यवहारमा सत्य ठानिने कुरा हो र यो पनि लोकमै प्रचलित हिसाबले दुई प्रकारको हुन्छ–
१) **तथ्य संवृत्ति**, २) **मिथ्या संवृत्ति** ।

१) **तथ्य संवृत्ति**– लोकमा सामान्य व्यवहारले सत्य मानिएको कुरालाई तथ्यसंवृत्ति भन्छन् । ती विषयहरूलाई चक्षु आदि ६ इन्द्रियहरूमा कुनैपनि प्रकारको विकृति या रोग नलागेको बेला यिनीहरूबाट ग्रहण गरेको अवस्थामा तथ्य संवृति भनिन्छ । लोकमा यिनीहरूबाट गरिएको रूप आदि बाह्य पदार्थहरूको ज्ञान अन्य लौकिक ज्ञानद्वारा बाधित हुँदैन ।

२) **मिथ्या संवृत्ति**– मिथ्या संवृत्ति भनेको त्यही हो, जुन लोक व्यवहारमा समेत झुठो ठानिन्छ । जस्तै जण्डिस (कलमपित्त), तिमिर (आँखाले जता हेरे पनि रौंका धर्सा देख्ने रोग), मन्त्र, मोहनी, सपना, निन्द्रा, अन्य कुनै द्रव्य, हेत्वाभास आदि विभिन्न कारणले गर्दा इन्द्रिय एवं मनोविज्ञानमा दूषण आउनाले गर्दा पहेँलो देख्ने, रौंका धर्सा देख्ने, जस्ता भ्रान्त अनुभूतिहरू हुन्छन् । यी अनुभूतिहरूलाई मिथ्यासंवृत्ति भन्दछन् किनकि लोकमै भएका अन्य साधारण ज्ञानबाट यिनीहरू बाधित हुन पुग्छन् । ६ वटै इन्द्रियहरूमा कुनै पनि आघात नभएर लोकले जुन कुरा ग्रहण गर्छ, त्यो लौकिक रूपमा सत्य हो र बाँकी लौकिक हिसाबमै पनि मिथ्या मानिएको छ ।

निर्भिकहरूले अज्ञानरूपी निन्द्राले क्षुब्ध भएर आत्मा, स्व, प्रधान, ईश्वर जस्ता कुराहरूको कल्पना गरेका छन् । ती कुरा र माया, जादू, मृगमरीचिका आदिको माध्यमले देखापर्ने विभिन्न आकृतिहरू जस्तैः– हात्ती, घोडा, पानी, रूख या पहाड इत्यादि कुरा पनि लौकिक हिसाबले समेत असत् या हुँदै नभएका कुरा मात्र हुँदा व्यवहारको प्रमाणबाट पनि ती असत् मानिन्छन् किनिकि तिनीहरूमा अर्थक्रिया कारित्व पनि हुँदैन, केवल प्रतिभास मात्र हुन् र अज्ञानले देखिएका भ्रान्ति मात्र हुन् । यसरी लोकमा पनि दुई किसिमको ज्ञान हुने भएकोले लोकको विषय पनि तथ्य संवृत्ति र मिथ्या संवृत्तिको भेदले दुई प्रकारको हुन्छ । यी सत्यहरूको व्यवस्था केवल लोकमा प्रचलित धारणाको आधारमा मात्र मानिएको हो न कि कुनै आर्यले देख्ने ज्ञानको दृष्टिले त्यस्तै माध्यमिकहरूको देखाइबाट यो मानिएको पनि होइन । किनभने माध्यमिकको दृष्टिले हेर्दा त लोकमा सत्य भनिएका ज्ञान समेत भ्रान्तिले युक्त छन् र कुनै न कुनै रूपबाट बिग्रिएकै हुन्छन् । माध्यमिक दृष्टिमा सत्य याने यथार्थता भनेको त केवल शून्यता हो र बाँकी सम्पूर्ण रूप आदि पदार्थहरू मिथ्या नै हुन् ।

सर्वसत्त्व प्राणीहरूलाई हितसुखको मार्ग अपनाएर बोधिसत्त्व चर्याद्वारा बुद्धत्व प्राप्त गर्नको निमित्त पुण्य संभार, ज्ञान संभार पूर्ण चर्या गर्ने उद्देश्यले अनेक विहार-बही स्थापना गरिएको अत्यन्त महत्त्व छ भन्नुपर्‍यो । विहारहरूमा धर्मका कार्यक्रम भएता पनि लक्ष्यअनुरूप सुचारू रूपले पूर्ण चर्या गरेको दुर्लभ छ भन्न कर लागेको छ । मुख्य रूपमा बुद्धधर्मको यथार्थ चर्याको चिन्तन मनन् गर्दा मैत्री करूणा मुदिता उपेक्षा बोध गरी व्यवहारमा लाग्न परेको छ । बुद्धधर्मको गहिरो सिद्धान्ततर्फ विचार गर्दा अविद्या, संस्कार, विज्ञान नामरूप, षडायतन, स्पर्श, वेदना, तृष्णा, उपादान, भव, जाति, जरामरणरूपी द्वादशाङ्ग प्रतीत्यसमुत्पाद बोध गरेर चर्या गर्नु अति नै महत्त्वपूर्ण छ । त्यसैले चालु भैरहेका बुद्धविहार, बही संघसंस्थामा उपरोक्त बुद्धधर्मको मर्म बुझेर चर्यामा लाग्न लगाउन सम्बन्धित सबैलाई हार्दिक अनुरोध गर्दछु । अस्तु !
*(सन्दर्भ श्रोतः आर्य शान्तिदेव विरचित बोधिचर्यावतार :– अनु. नारायणप्रसाद रिजाल ।)* ८



# जापानको बुद्धिष्ट कला र संस्कृति निकै मनमोहक

✍ मेघराज शर्मा, तानसेन

> – जापानको तोजी टेक्पोलका बुद्धहरु र बुद्धिष्ट कला र संस्कृति निकै मनमोहक भएको त्यहाा पुग्ने जोकोहीले अनुभव गर्नसक्छ। जापानको तोजी टेम्पलका बुद्धहरु र त्यहााको बौद्ध कला संस्कृति हेरेपछि जापान बौद्ध कला-संस्कृतिमा निकै अगाडि भएको हामीलाई ज्ञात भयो।
>
> – हाम्रै मुलुकका बुद्धको हामीले नै सुहाउादो सम्मान दिन सकेनौं आफैले बुझ्न र बुझाउन सकेनौं कि?! र हाम्रा बुद्धलाई अरु देशमा गएर बुझ्नु पर्ने भएको हो कि?! जस्तो अनुभव भयो।

तथागत बुद्ध अहिलेको राजनैतिक भूगोल अनुसार नेपालको हालको रूपन्देही जिल्लामा पर्ने लुम्बिनीमा जन्मे। हालकै कपिलवस्तु जिल्लाको तिलौराकोट भन्ने ठाउँमा रहेको उनको पिता सुद्धोदनको राजधानी सहर तथा हालको नवलपरासी जिल्लामा रहेको उनको मावली देवदहमा हुर्के। तर उनका सिद्धान्तहरूको प्रचार विभिन्न चरणमा विभिन्न राजा महाराजा तथा बुद्धधर्म गुरूहरूद्वारा चीन तथा पूर्वी एसियाई मुलुकहरू जापान, थाइल्याण्ड, बर्मातिर बढी फैलाए। केही दिनअगाडि हामीलाई इकिइकि संस्थाको निम्तोमा जापान भ्रमण गर्ने सुअवसर मिल्यो।

हाम्रो जापान यात्राको अवसरमा त्यहाँको बुद्धधर्म, बौद्ध कला र संस्कृतिका केन्द्रहरूको अवलोकन गराइएको थियो। यद्यपि हामीलाई भाषिक सहयोग गर्न त्यता बस्ने नेपाली भाईहरूलाई नै लगाइएको थियो तर बुद्धधर्ममा हाम्रो आफ्नै ज्ञानको कमीको कारण छिलिंग्याएर त्यहाँको बुद्धधर्म, संस्कृति र कलाबारे सबै कुरा बुझ्न गाह्रो थियो। सबभन्दा समस्या त्यहाँको भाषाका नामहरू उच्चारण गर्न र सम्झन गाह्रो पऱ्यो। सबै कुरा सम्झन र त्यसलाई यस आलेखमा जस्ताको तस्तै व्यक्त गर्न न सकिए पनि त्यहाँ बुद्धधर्म, कला र संस्कृतिको जगेर्ना जुन तत्परता साथ गर्दै आएको देखियो, त्यसबाट हामी ज्यादै प्रभावित भयौं र हाम्रै मुलुकका बुद्धको हामीले नै सुहाउँदो सम्मान दिन सकेनौं आफैले बुझ्न र बुझाउन सकेनौं कि?! र हाम्रा बुद्धलाई अरू देशमा गएर बुझ्नु पर्ने भएको हो कि?! जस्तो अनुभव भयो।



जापानमा हामीले हेरेको सांस्कृतिक ऐतिहासिक सम्पदा थियो तोजी टेम्पलका बुद्धहरू। पहिले जापानको राजधानी "नारा" भन्ने ठाउँमा रहेछ। त्यसबेलाका सम्राट "कामु" ले आफ्नो राजधानी "नारा" बाट क्योटो भन्ने ठाउँमा सारेछन्। क्योटो हालको जापानको प्रसिद्ध सहरमध्ये एक हो। यहाँ राजधानी सारेपछि उनले तत्कालीन चीनियाँ ढाँचाका दुईओटा बुद्धमन्दिर बनाए। बुद्धधर्म सुरूमा बुद्धले बुझे र उपदेश गरे जस्तो एकै प्रकारको रहेभएको भए पनि बुद्धधर्मको अध्येता, अनुसन्धाता तथा अनुसरण कर्ताहरूका विभिन्न समयका विश्लेषणहरूबाट बुद्धधर्ममा पनि फरक विधाहरूको विकास हुँदैआएको छ। हामी नेपालकै बौद्धहरू पनि फरक-फरक देख्न सक्छौं। त्यस्तै "तोजी टेम्पल" पनि बुद्धधर्मको एउटा छुट्टै सम्प्रदायका संस्थापक "कुकाई" ले साइओन भन्ने अनुष्ठान पद्धतिमा निर्मित रहेछ। यसको सुरू निर्माण इसाको आठौं शताब्दीमा भएको रहेछ। यस ठाउँमा "तोजी मन्दिर" भनिने बाहेकका अरू धेरै मन्दिर, समाधि, अनुष्ठानकक्ष, पवित्र पोखरी र तलाउहरू, बगैंचा फुलबारी, सभाकक्ष, विभिन्न प्रकारका द्वारहरू अवलोकन कर्ताको सुविधाको निम्ति विभिन्न प्रकारका सेवादायी संरचनाहरू बनाएर यस ठाउँलाई अत्यन्त

आकर्षक बनाइएको छ ।

यहाँका विभिन्न मन्दिर, हलहरू र विभिन्न कक्षहरूमा राखिएका मूर्तिहरूका आफ्ना आफ्ना धार्मिक कलात्मक र ऐतिहासिक विशेषताहरू छन् । प्रत्येक ठाउँमा राखिएका ती मूर्तिहरूको धार्मिक ऐतिहासिक र कलात्मक फरक विशेषता छ । त्यहाँ बनेको भवन मन्दिर र समाधिहरूको झ्याल, ढोका, छाना, काठ, ढुङ्गा र धातुमा खोपेर बनाएका कलात्मक बुट्टाहरूको पनि छुट्टाछुट्टै धार्मिक ऐतिहासिक र कलात्मक विशेषता र फरकहरूबारे हामीलाई संक्षेपमा सम्झाएको त थियो । तर बुद्धधर्म, इतिहास र कलाबारे आफ्नो ज्ञान र अध्ययन राम्रो भए पो सबै कुरा बुझ्नु । बुद्धधर्ममा पनि समय ठाउँ र सन्दर्भ अनुसार धेरै विविधता छ, जसको गहन अध्ययनबाट मात्र अनुभूति लिन सकिन्छ भन्ने कुरासम्म बुझियो । आनन्द लिने कुरा त त्यस्ता ऐतिहासिक, सांस्कृतिक, कलात्मक कुराहरूलाई मानवीय तथा भूकम्प, युद्धहरू आदिबाट पटक-पटक क्षति हुँदा पनि शताब्दियौंसम्म यथास्थितिमा राख्ने राख्नसक्ने जापानीहरूको जाँगर, धैर्य, श्रमको लगानी हेर्नुबाटै आनन्द लिइयो । दैनिक रूपमा विभिन्न देशका भाषिक, सांस्कृतिक, धार्मिक हिसाबले फरक किसिमका हजारौं मानिस यस्ता ठाउँहरू हेर्न आएर हामी जस्तै खाली बोक्रो हेरेर केही पनि नबुझी फर्किरहेका होलान् कि त्यहाँको गहनताको ज्ञान पनि लिएर फर्केको होलान् भनेर सम्झँदा पो हैरानी हुन्छ । तर जे होस् जापानको तोजी टेम्पोलका बुद्धहरू र बुद्धिष्ट कला र संस्कृति निकै मनमोहक भएको त्यहाँ पुग्ने जोकोहीले अनुभव गर्नसक्छ । जापानको तोजी टेम्पलका बुद्धहरू र त्यहाँको बौद्ध कला संस्कृति हेरेपछि जापान बौद्ध कला-संस्कृतिमा निकै अगाडि भएको हामीलाई ज्ञात भयो । ✡

## डा. सानुभाई डंगोल रहेनन्



९ मंसिर, काठमाडौं । नेपालको बुद्धधर्म सम्बद्ध, लेखक एवं प्राज्ञिक क्षेत्रमा परिचित लेखक ७२ वर्षीय डा. सानुभाई डंगोलको हृदयघाट भई अकस्मात निधन भयो । २०१४ सालदेखि लामो समयसम्म नारायणहिटी दरवारभित्र कार्यरत उनले २०५० साललगत्तै राजप्रासाद सेवाअन्तर्गत सहसचिव पदबाट अवकाश पाए । उनले दरवारकै विषयमा विद्यावारिधी गरे भने त्रिविविअन्तर्गत बौद्ध अध्ययन विभागमा केही वर्ष प्राध्यापनमा संलग्न भए । उनी लुम्बिनी बौद्ध विश्वविद्यालयअन्तर्गत सुगत बौद्ध महाविद्यालयका प्रिन्सिपल समेत भए । प्राज्ञिक लेख-रचना, कार्यपत्र प्रस्तोता एवं विभिन्न पुस्तकका लेखक, वि.सं. १९९९ पुष २३ गते जन्मिएका अविवाहित दिवंगत डा. सानुभाई डंगोल थेरवार बौद्ध दायक केन्द्रीय परिषद्का कार्यकारिणी पदाधिकारी हुन् । पशुपति आर्यघाटमा उनको अन्तिम संस्कार गरिएको जानकारी प्राप्त भएको छ ।

आनन्द-भूमि मासिकमा समेत समय समयमा लेख-रचना लेख्नुहुने दिवंगत डा. सुानुभाई डंगोलको सुगति-कामनासहित शोक सन्तप्त परिवारप्रति धैर्य धारणार्थ आनन्द-भूमि परिवार हार्दिक समवेदना व्यक्त गर्दछ ।

बुद्धको जन्मभूमि राष्ट्र नेपालमा सुख-शान्ति फैलिरहोस् ।
सम्पूर्ण नेपालीहरुमा धार्मिक चेतना विकास होस् ।



राजधानी बचत तथा ऋण सहकारी संस्था लि.
बागबजार, काठमाडौं ३१, फोन : ०१-४२१९२५२

पुस्तक समीक्षा



# तथागतया अस्थिधातु : एक चर्चा

✍ भिक्षु विपस्सी धम्मारामो, मुनिविहार-भक्तपुर

**तथागतया अस्थिधातु** (नेपालभाषा) अर्थात् तथागतका अस्थिधातु राजकीय पण्डित डा. भिक्षु नन्द महास्थविरबाट लेखन तथा सम्पादन भएको प्रथम कृति, लेखककी दीदी नातिमैंया तथा भाइ दीपकराज शाक्यबाट प्रकाशित १,००० प्रति पुस्तक ३० अगस्ट २०१४ मा मुनि विहारमा लोकार्पण तथा वितरण भएको छ । १४X२१ सेमी साइज १९४ पृष्ठ भएको पुस्तक केही श्यामस्वेत छायाचित्र, रंगीन गाता तथा ७२ गोटा फोटो समेतले सजीसजाउ छ । पुस्तक मनोरम तथा सुपाठ्य छ ।




जीवनका अधिकांश भाग धार्मिक शिक्षा तथा सेवामा एसिया तथा यूरोपका विभिन्न देशमा बितेको हुँदा लेखकको मातृभाषा नेवारीमा दक्षताको कमीलाई पूरा गर्न नेपालका भिक्षु सुधीरो, प्रा. सुवर्ण शाक्य र रत्नसुन्दर शाक्य जस्ताबाट सहयोग पाएर भाषामा थप शुद्धता, सरलता, र सुस्पष्टता पाइन्छ । वस्तुतः उनी पुनः केही वर्ष नेपाल बसेपछि स्वाभाविक सरल नेवारी बोलाई तथा लेखाईमा कुशल भइसकेका छन् । लेखाईमा उनी संस्कृत, पाली तथा सिंहली भाषा तथा वाङ्मयका विद्वान देखिन्छन् । तथागतका अस्थिधातुको महत्त्व दर्शाउने **धातुसु ठितासु बुद्धा ठिता होंति** अर्थात् धातुहरू रहेमा बुद्ध भगवान् रहेको हुन्छ । **चेतियं तिविधं होति परिभोग चेतियं, उद्दिस्सक चेतियं, धातुक चेतियन्ति** अर्थात् चैत्य ३ प्रकारका हुन्छन्, परिभोग चैत्य, उद्देश्यिक चैत्य तथा धातु चैत्य, आदि सरल अवधारणाहरूको उद्धरणहरूको स्रोत दिए । तथागतको अस्थिधातुको परम्परागत इतिहास, परिमाण, प्रकार, आकार, रंग तथा ती धातुहरू स्थापित चैत्यहरूका रंगीन फोटाहरू, २८ जना तथागतहरूबाट सेवित भिन्न भिन्न बोधिवृक्षहरूका फोटाहरू समेत दिन समर्थ भए जुनको नेपाली नामाकरण गर्न बाँकी नै छ । यथार्थतः भगवान् बुद्धकै अस्थिधातु हो भनी ठोकुवा गर्ने आधार नभएपनि निर्दिष्ट लक्षणहरूबाट अनुमान गरी अस्थिधातुको भक्ति गर्नाले सुफल पाइन्छ भनी मूलपाली ग्रन्थको प्रमाण दिनसके, अझ भगवान् बुद्धको अस्थिधातुलाई किन धातु भनिएको हो? वास्तविक जीव गतिले थाहापाउन असमर्थ भइसकेको, जीव, सत्त्व वा पुद्गल भन्ने भाव केही पनि बाँकी नरहेको मूल स्वरूप मात्र बाँकी भएकोलाई धातु भनिएको हो । त्यसैले धातुले प्रातिहार्य देखाउन सक्दैन पनि । (पृ. ७) भन्ने जस्ता बुद्धिवादीहरूलाई चित्त बुझ्ने व्याख्या दिनुले लेखकको अध्ययनक्षेत्र व्यापक भएको देखाउँछ ।

यसमा सान्दर्भिक कुरो यो छ कि भगवान् बुद्धका अरू सबै धातुहरू गृहस्थीहरूका मातहतमा व्यवस्था भएको तर उर्णलोमधातु अर्थात् भगवान्को निधारमा रहेको रौं धातु भने महाकाश्यप महास्थविरबाट गुरूशिष्यपरम्पराबाट निरन्तर पूजा भइआएको थियो । यो लोमधातु अशोक महाराजको पालामा भिक्षु महेन्द्र महास्थविरले श्रीलंकामा धर्मदूत भई जाँदा पिताको गुण र बुद्ध भगवान्को गुण स्मरणार्थ व्यक्तिगत पूजनीय वस्तुको रूपमा सँगै लिएर गएका थिए । पछि मिहिन्तले महास्तूप निर्माण भएपछि त्यसमा स्थापना गरी पूजा मान गरी राखिए । यो स्तूप ई.सं. ७-१९ सालभित्र निर्माण भएको भन्ने प्राचीन महावंशको उल्लेखले भिक्षुहरूले पनि भगवान् बुद्धसँगको विशेष घनिष्ठ तथा आत्मिय सम्बन्धका कारणले धातुपूजा गरेको पाइयो ।

पुस्तक ललितपुरे नेवारी लवजमा परिमार्जित भइसके

पनि त्यसमा भक्तपुरे लवज पनि बाँकी नै छन् । श्रीलंकाली लवजका शब्दहरू अवशिष्ट पाइन्छ । पाली भाषाका कयौं उद्धरणको अनुवाद बाँकी छोडिएकोले पाठकहरूलाई केही अप्ठ्यारो लाग्छ । अस्थिधातु निधान गरिने स्थान वा चैत्यलाई करण्डु वा दगोबा वा धातुगब्भ भनिने कुरो पढ्नपाइन्छ । चैत्यहरूको गजुरमुनिको हर्मिकालाई देवता कोटु भनियो, जुन कि देवता कोठा भनिएको हो ।

पालीका हिज्जे कतै कतै अनियमित भएको पाइन्छ । लेखनशैली आधुनिक तथा मध्ययुगीन मिस्रित किसिमको छ । पुस्तकको ठूलो भाग महावंश, चुलवंश, थूपवंश, बोधिवंश, चुलबोधिवंश, दाठावंश जस्ता वंशावली ग्रन्थहरूबाट उद्धृत तथा त्यसको अनुवाद भएकोले पुस्तकमा घटनाहरूका तिथिमिति पर्याप्त छैनन् । सम्राट अशोकका पालामा भिक्न नसकिएका नेपालको नवलपरासी जिल्लास्थित रामग्राम स्तूपमा अवस्थित अस्थिधातुहरू पछि नदीमा बगेर गई श्रीलंकाको रत्नमाली चैत्यमा स्थापना हुनगएको विवरण (पृ. २०, ७०-७९) सहि हो वा गलत भनी सिद्ध गर्न नेपालीहरूले रामग्राम स्तूपको छिट्टै वैज्ञानिक उत्खनन् गर्नु आवश्यक छ । सन् १८९९ सालमा धातु पाइएको स्थान पिपरहवा नेपालमा होइन भारतमा छ तथा थाइलैंडका संघराजलाई होइन, राजा चुलालंकरणलाई चढाइएको भाग अस्थिधातु बैंकक्को गोल्डेनमाउन्ट चैत्यमा स्थापित छ । यसरी कृतिमा श्रीलंका मात्र होइन थाइलैंड, पाकिस्तान, बंगलादेश, चीन तथा भारतमा भएका अस्थिधातुहरूसम्बन्धी केही आधुनिक क्रियाकलाप समेत उल्लेख छ । नेपालको भने रामग्राममा अवस्थित प्राचीन अस्थिधातुहरू पनि अलौकिक ढंगले श्रीलंका पुगेको उल्लेख गरेर पनि रामग्रामको वर्तमान् उत्खनन्को उल्लेख छैन । लुम्बिनी, कपिलवस्तु तथा देवदहमा भएका सम्राट अशोककृत स्तूपहरूको आधुनिक उत्खनन्सम्बन्धी उल्लेख नहुनु अवश्यमेव पुस्तकको न्यूनता हो । नेपालमा प्रचलित राजा अशोकका क्रियाकलाप तथा उनीद्वारा निर्मित मानिने स्तूपहरूको उल्लेख छैन । अझ सन् १९४८ पछि आजपर्यन्त निरन्तर श्रीलंका, भारत तथा थाइल्याण्ड आदि विदेशबाट नेपालमा पनि तथागतका अस्थिधातुको आगमन, पूजा तथा जात्रा हुनथालेको अहिले व्यापक भइसकेको छ । ती सबै संकलन गरी समुचित उल्लेख गर्ने काम यद्यपि सजिलो छैन, तैपनि अधिकांश पाठकहरू नेपाली भएकोले श्रीलंकाका ती अस्तिधातुहरूको नेपालसित वर्तमान सम्बन्ध देखाउनु अपरिहार्य छ । अमेरिकाको न्यूयोर्क महानगरस्थित **संयुक्त राष्ट्रसंघको मुख्यालयमा स्थापित अस्थिधातु लेखककै संलग्नतामा नेपालमा पूजा तथा जात्रा भएको थियो** ( **मुनि विहार, ८-११ अगस्ट** २००३) । **तर यस पुस्तकमा उल्लेख नभएकोले पुस्तक अपूरो लाग्यो** । यस्ता केही विशेषता हुनु लेखकको अध्ययनक्षेत्र फरक भएकोले होला । भावी संस्करणमा यस्ता मुद्दाहरू संबोधन हुने आशा गर्नसकिन्छ । तैपनि **नेपालीहरुले आत्मआलोचना गर्ने विषय भएको छ कि नेपालले पर्याप्त प्रचारप्रसार गर्न नसक्दा हाम्रा गौरवपूर्ण अतीत ओझेलमा पर्नगएको छ ।**

**– सन् १८९९ सालमा धातु पाइएको स्थान पिपरहवा नेपालमा होइन भारतमा छ तथा थाइलैंडका संघराजलाई होइन, राजा चुलालंकरणलाई चढाइएको भाग अस्थिधातु बैंकक्को गोल्डेनमाउन्ट चैत्यमा स्थापित छ । यसरी कृतिमा श्रीलंका मात्र होइन थाइलैंड, पाकिस्तान, बंगलादेश, चीन तथा भारतमा भएका अस्थिधातुहरुसम्बन्धी केही आधुनिक क्रियाकलाप समेत उल्लेख छ । नेपालको भने रामग्राममा अवस्थित प्राचीन अस्थिधातुहरु पनि अलौकिक ढंगले श्रीलंका पुगेको उल्लेख गरेर पनि रामग्रामको वर्तमान् उत्खनन्को उल्लेख छैन । लुम्बिनी, कपिलवस्तु तथा देवदहमा भएका सम्राट अशोककृत स्तूपहरुको आधुनिक उत्खनन्सम्बन्धी उल्लेख नहुनु अवश्यमेव पुस्तकको न्यूनता हो ।**

भगवान्सँग संवाद गरेर **अनागामी भइसकेका द्रोण ब्राह्मणले भगवान् बुद्धको महापरिनिर्वाणको लगत्तै पछि धातु विभाजन गरिदिंदा विभिन्न किसिमले जालझेल गरेको देख्दा अचम्म लाग्छ । अनागामीको आध्यात्मिक स्तर कमजोर भएको यथार्थ हो वा कथा मात्र हो?** विज्ञहरूबाट जान्नु आवश्यक छ । अस्थिधातुले विभिन्न विरोधीहरूको आक्रमण सहेर बचेर आएको इतिहास पनि झस्काउने खालको छ । नेपालको इतिहासलाई बुद्ध र बौद्धसंस्कृतिले झलमल पारेजस्तै श्रीलंकाको इतिहासलाई तथागतको अस्थिधातुको इतिहासले पारेको छ । **अस्थिधातुहरु कुनै नागलोक पुग्नु र कुनै तावतिंस देवलोक पुग्नु जस्ता वर्णनले भने ऐतिहासिकतामा आघात पुऱ्याएको अनुभव**

हुन्छ । विश्वासकै मात्र कुरा गर्ने हो भने थाइलैंडको यशोधर अंचलमा पनि यस्तो चैत्यको वन्दना गरेको छु, जुनमा अभिलेख छ कि बुद्ध भगवान्को परिनिर्वाणको लगत्तैपछि लाओस देशका २ जना भिक्षुहरू कपिलवस्तु गई प्राप्त गरेको भाग अस्थिधातु स्थापना गरिएको हो । तर श्रीलंका, म्यानमार तथा थाइलैंडमा पाइने अस्थिधातुयुक्त महाचैत्यहरूको विशालता तथा प्रचूरताले तिनका निवासीहरूलाई मात्र होइन, बाहिरका पर्यटकहरूलाई समेत प्रभावित पार्दछ ।

नेपालमा अहिलेसम्म परम्परागत धार्मिक विधिव्यवहार, जात्रा, मेलापात, विहार, स्तूप, बुद्धमूर्ति त्यस्तै लुम्बिनी, बौद्ध, स्वयम्भू जस्ता राष्ट्रिय स्तरका धार्मिक केन्द्रहरूसहित पुराना तथा नयाँ धार्मिक शिक्षण संस्थाहरू, केही अनुवाद तथा स्वतन्त्र वाङ्मय, विद्यालय तथा महाविद्यालयहरूका पाठ्यपुस्तकका केही पाठहरू छन् । अखवार, रेडियो, टीभी, इन्टरनेट जस्ता श्रव्यदृश्य साधनहरू पनि छन् । देशका केही विहार, गुम्बा तथा स्तूपहरूमा तथागतका अस्थिधातुहरूको दर्शन पनि गर्न पाएका छौं । तर पनि महापरिनिर्वाणदेखि अहिलेसम्म तथागतका अस्थिधातुहरूसम्बन्धी विवरणहरू नेपालमा खासै उपलब्ध थिएन । यो प्रकाशनले नेपाल भाषा साहित्य क्षेत्रमा मात्र होइन, नेपाली जगतमा बुद्धविषयक ज्ञानको क्षेत्रमा नै एउटा ठूलो अभावपूर्ति भएको अनुभव हुन्छ । यसरी भगवान् बुद्धको जन्मभूमि नेपालमा बुद्धविषयक ज्ञानको प्रचारप्रसार बढ्नु सुखद् कुरो हो । निःशुल्क वितरण भएको **तथागतया अस्थिधातु** को नेपाली संस्करण शीघ्र प्रकाशित भएमा बुद्धमार्गीहरूको भावभक्तिको परम्पराले बुद्धभगवान्को पूजा सम्मान गर्ने तरिकाको साथै अरू धेरै कुराहरू छर्लङ्ग हुनेछ । बरू यो प्राज्ञिकस्तरको पुस्तक समुचित मूल्यमा सर्वसुलभ गर्नपाए यसको लोकप्रियता तथा उपयोगिता बढ्ने थियो ।

लेखक ४० वर्षजति श्रीलंका तथा अन्य देशहरूमा धार्मिक अध्ययन तथा सेवा गर्दा निरन्तर **सिंहलीहरुसाग हेमचेम भएकोले श्रीलंकामा भएको ३० वर्षभन्दा लामो तामिल पृथकतावादीहरुको सशस्त्र विद्रोह शान्त गर्न सकेकोमा सन्तुष्ट भएर यो पुस्तकमा श्रीलंका देश तथा सरकार प्रमुख राष्ट्रपति श्री महिन्द राजपक्ष, सुरक्षा सचिव श्री गतभय राजपक्षसहित सम्पूर्ण वीर सैनिकहरुलाई समर्पण गरिएको** छ (**अंग्रेजीमा**) र श्रीलंकाका सम्माननीय राष्ट्रपति श्री महिन्द राजपक्ष तथा सम्माननीय प्रधानमन्त्री डा. डी एम जयरत्नेको संदेशले सजिएको छ । त्यस्तै अखिल नेपाल भिक्षु महासंघका महासचिव भिक्षु कोण्डन्य अनि संघउपनायक डा. भिक्षु ज्ञानपूर्णिक महास्थविरको सन्देश नेवारीमा छन् । बुद्धजस्ता हाम्रा साझा भगवान्सँग सम्बन्धित **तथागतया अस्थिधातु** कृतिबाट नेपाल तथा श्रीलंका बीचको घनिष्ठता अनायास बढ्नगएको छ ।

तथागतका अस्थिधातुसम्बन्धी श्रीलंकालीहरूको अवधारणा तथा विश्वका प्रमुख स्तूप र चैत्यहरू विशेष गरी श्रीलंकाद्वीपभरीका प्रमुख धातुयुक्त चैत्यहरूको परिचय तथा इतिहास समेत भएको यो पुस्तक बौद्धसंस्कृति, इतिहास र परंपरालाई बुझ्न तथा विशेषगरी काठमाडौंमा सम्पन्न सार्क देशहरूको सदस्यको हैसियतले १८ औं सार्कसम्मेलनमा सहभागी देश श्रीलंकाको धार्मिक तथा संस्कृति विषयमा जान्न तथा त्यहाँको भ्रमण सार्थक बनाउन चाहनेले नपढी नहुने कृति हो यो । ८


**बुद्धको जन्मभूमि राष्ट्र नेपालमा सुख-शान्ति फैलिरहोस् ।**

**सम्पूर्ण नेपालीहरुमा धार्मिक चेतना विकास होस् ।**

**इन्द्रेणी वचत तथा ऋण सहकारी संस्था लि.**

गुरुजुधारा, काठमाडौं, फोन नं. ४३१५३४४,

फ्याक्स : ४३१०४५८

# मैत्रीपूर्ण शुभकामना



लुम्बिनी बौद्ध विश्वविद्यालयको गरिमामय **उपकुलपति**
पदमा नियुक्त हुनुभएका नेपाल परम्परागत बौद्ध धर्म संघका अध्यक्ष
**प्रा. डा. नरेशमान वज्राचार्य** ले
सफलतापूर्वक जिम्मेवारी निर्वाह गर्न सकोस्
नवनियुक्त उपकुलपतिले जिम्मेवारी बोधसहित
थेरवाद, महायान, वज्रयान सम्बद्ध सबैलाई समेटिएर
समष्टिगत हितका लागि सहकार्यपूर्वक विश्वविद्यालयको
उत्तरोत्तर उन्नति–प्रगति गर्दै कार्यकाल सफल पार्न सकोस् भनी
**मैत्रीपूर्ण शुभकामना** व्यक्त गर्दछौं ।

शुभेच्छुकहरु

**अखिल नेपाल भिक्षु महासंघ**

**नेपाल बौद्ध महासंघ**

**नेपाल परम्परागत बौद्ध धर्म संघ**

# Lumbini Declaration of the International Buddhist Conference on Promotion, Protection & Preservation of Buddhist Culture and Heritage

*November 15-18, 2014 (B.E.2557) At The Lumbini Sacred Garden, Lumbini, Nepal*



An International Buddhist Conference on Promotion, Protection and Preservation of Buddhist Culture and Heritage jointly organised by the Theravada Buddhist Academy, the Lumbini Buddhist University of Nepal and International Sitagu Buddhist Academy of Myanmar on 15-18 November 2014 at LumbiniSacred Garden, the Birthplace of the Buddha, Nepal, was inaugurated by The Right Honourable Dr. Ram BaranYadav, President of the Republic of Nepal. At the conclusion of careful deliberations and successful twenty discussion panels under the five main themes of (1) Buddhist heritages of Lumbini (2) World Buddhist heritages (3) Buddhist culture (4) Buddhist education system and (5) Environmental conservation in Lumbini, we have unanimously resolved as follows:

**Buddhist Heritage of Lumbini:**

- Acknowledging the great work of archaeologists, UNESCO, donor countries and the Lumbini Development Trust, Department of Archaeology of Nepal in protecting and preserving the Lumbini Sacred Garden, the Birthplace of Gautam Buddha, to harmoniously promote awareness of both archaeological and spiritual values at Lumbini and other Sacred Buddhist sites in Nepal and worldwide;
- To work together with UNESCO, the Lumbini Development Trust and Department of Archaeology of Nepal in order to protect and preserve over one hundred ancient archaeological sites in the Greater Lumbini area not yet covered by the current projects by preventing encroachments and developing long term vision plan for them;
- To avoid any misunderstanding between multi-disciplinary expertise working in Lumbini with the stakeholders of Buddhist monastic, scholars and communities as well as local communities, it is encouraged to bridge the gap between these expertise and work together with mutual understanding for sustainable development of Lumbini and surrounding areas;

**World Buddhist Heritage:**

- Being fully aware of the need for development for both pilgrims and local communities, to encourage scientifically informed sustainable development in and around Lumbini as well as other Buddhist sacred sites;
- To urgently raise awareness of the danger faced with regards to material culture for example, artefacts, manuscripts, wall paintings etc.
- To encourage the active participation, voice and legal right of all stakeholders, laymen and Sangha, in promoting programmes of Buddhist

cultural awareness and in undertaking planning for future or present participation or listing in international, national and local heritage organizations from UNESCO to regional bodies and local non-profit organizations.

- To raise awareness through grass-roots initiatives with lay and Sangha participation through information-sharing mechanisms from information portals to social networks to create a global world of Buddhist cultural awareness for preservation, promotion and protection of Buddhist values and cultural heritage.

**Buddhist culture:**

- Honouring the early Buddhist tradition of co-existence with other religious traditions, to promote the Buddhist values of tolerance reasoning based spiritual enquiry in this interdependently existing world;
- In tandem with this to defend Buddhists from the danger of commercialization, unethical conversion in traditional Buddhist homelands;
- In order to preserve the peace, serenity and moral values of the Buddha and the Lumbini Sacred Garden, that all types of gambling and other activities that devalue human dignity be absolutely prohibited from the Greater Lumbini Areas and their immediate surroundings.

**Buddhist Education System:**

- To promote a Buddhist moral education system based on the Noble Eightfold Path and the value of cultural heritage which in essence means enlightenment through education exchange;
- To promote the inclusion of Buddhist heritage awareness in educational programmes of secular and religious instructions, non-profit cultural and educational trusts and libraries;
- To encourage the formation of non-formal education inclusive of Buddhist values alongside protection, preservation and promotion of Buddhist cultural heritage.

**Environmental pollution:**

- Recognising the unique character of the Natal Landscape of the Buddha, that a comprehensive and systematic survey of the Greater Lumbini Area be undertaken, prior to initiating development projects, in order to protect, preserve and promote the region further;
- Recognising that Buddhist archaeological sites form living cultural landscapes, that any new structures at sites are located only in areas of low risk to heritage and that they respect 8 design concepts:

  (1) Non-intrusive, (2) Reversibility, (3) Shelter, (4) Visibility, (5) Focus, (6) Access, (7) Ownership, and (8) Authentic materials;
- That interventions or new constructions with Buddhist cultural sites should be tested against these criteria during Heritage Impact Assessment;
- That Buddhist Cultural heritage is a non-renewable resource and that any excavation or archaeological interventions should use as advanced techniques as possible and results be disseminated and published swiftly;
- That the cultural landscape of Lumbini, Birthplace of the Buddha, is threatened by the high levels of pollution and that the relevant authorities take immediate action to reduce this threat;
- That a separate fund for preservation, protection and promotion of Buddhist heritage be established;
- That an international association is formed to coordinate with all concerned to preserve, protect and promote Buddhist monuments and sites; [See also points 3 and 4 under World Buddhist Heritage]
- That development of course(s) on Buddhist monuments and sites for all students, and heritage management courses/ programs for Buddhist monks at the university level be

coordinated and some sites as teaching sites be designated; [See also points 2 and 3 under Buddhist education]

- That, bearing in mind the multitude of projects and plans which are being developed or implemented in Greater Lumbini Area as well as construction of an international airport at Bhairahawa which will multiply the numbers of visitors it is urgent to ensure coordination to make sure that the Buddhist heritage will be conserved, the development will benefit the local community, the spirituality of the the Greater Lumbini Area preserved and the needs of the religious communities and pilgrims taken into consideration, the conference requests UNESCO to take the coordination role;

- Appeal to the United Nations Organization to reactivate the United Nations International Lumbini Committee under the UNO to work together in the promotion, preservation and protection of Lumbini World Heritage Site.

Done as the Lumbini Declaration of the International Buddhist Conference on Promotion, Preservation and Protection of Buddhist Culture and Heritage on this 17th Day of November 2014 (B.E. 2557).

## खः कि मखु ?□

– राज शाक्य, ल.पु.

संसार
गुलिसितं दुःखया खानी
गुलिसितं सुखमय व
अनुपम सौंदर्यया रानी
थः थःगु अवस्था व दृष्टि
सृष्टि जुइगु संसार खनिं ।

धाल
संसार म्हसीकि
त्यागी संयमी सन्ततय्‌सं
म्हसीके फइमखु
परिपञ्चय्‌ दुबिनाः च्वंपिसं
उकिं ज्ञान माले माःगु झीसं ।

आहा □
गुलि बााला पाल्चाय्‌ मत
ज्वालाला च्याना च्वंगु
थ्यूसा हीइकः पुइगु
अग्नि दु दुबिना च्वंगु
सीकि बााला धायेवं घय्‌पुइ मज्यूगु

हाय्‌ □
अन्धविश्वास झी
गुबले तनीगु
मूर्तियात प्यारा लस्वाकाः
गथे मुक्त जुइगु
द्यः माने यायेगु मखु म्हसिके माःगु ।

यदि
दुःख म्हसिकेगु क्षमता दःसा
सुखया स्वाा ह्वइ हा ।
कामना वासना छोय्‌के फःसा
जीवनय्‌ जीवनया सुगन्ध
गम्के जुइ हा ।

उफ्‌ □
यायेमते अत्याचार अहं
शक्तिशाली बलवान धकाः
स्थीर छुं मदु अनित्य सीकाः
यायेमाः धर्म बःलागु अवस्थाय्‌
पियाः मच्वंसे वृद्धावस्था ।

"सर्व प्रकारं जगतो हिताय"

# हार्दिक बधाई तथा शुभकामना

नेपाल परम्परागत बौद्ध धर्म संघका अध्यक्ष श्रद्धेय गुरुवर
**प्रा. डा. नरेशमान वज्राचार्यज्यू**
नेपाल सरकारबाट लुम्बिनी बौद्ध विश्वविद्यालयको
गरिमामय **उपकुलपति** पदमा
नियुक्त हुनुभएकोमा सगौरव हार्दिक बधाई ज्ञापनसहित
सफल कार्यकालका लागि हार्दिक मंगलमय
**शुभकामना** व्यक्त गर्दछौं ।



प्रा. डा.नरेशमान वज्राचार्य

**शुभेच्छुक**

**ज्ञानमाला संघ**
आनन्द विहार, तानसेन

**ज्ञानमाला सभा**
महाचैत्य विहार, तानसेन

**चुडाकर्म(व्रतबन्ध) संघ**
धर्मचक्र महाविहार, पाल्पा

**धर्मचक्र बौद्ध युवा संघ**
धर्मचक्र महाविहार, पाल्पा

**लुम्बिनी पाल्पा बौद्ध समन्वय समिति**
तानसेन, पाल्पा

**सिद्धार्थ बौद्ध समाज**
पुष्पकीर्ति विहार, सिद्धार्थनगर

- धर्मरत्न वज्राचार्य (दीक्षित), तानसेन
- पंचकुमार वज्राचार्य (दीक्षित), पोखरा
- राजेन्द्रमुनी शाक्य (दीक्षित), तानसेन
- सुरेश वज्राचार्य (दीक्षित), तानसेन
- लालबहादुर गुभाजू (दीक्षित), पोखरा
- प्रबिन वज्रचार्य (दीक्षित), तानसेन
- सुरेन्द्र वज्राचार्य (दीक्षित), तानसेन
- सर्जुलाल वज्राचार्य, तानसेन
- चिनियाँमान वज्राचार्य (दीक्षित), तानसेन
- ज्ञानुकुमार वज्राचार्य (दीक्षित), तानसेन
- दामोदरशेखर वज्राचार्य (दीक्षित), तानसेन
- योगेन्द्रबहादुर वज्राचार्य (दीक्षित), तानसेन
- सुवर्णमुनी शाक्य (दीक्षित), सिद्धार्थनगर
- भानुकुमार वज्राचार्य (दीक्षित), तानसेन
- बाबुरत्न शाक्य, तानसेन

# बौद्ध गतिविधि

## तानसेनमा कथिन चीवर-दान

१ कार्तिक, तानसेन । ज्ञानमाला संघ र बौद्ध महिला सेवा समितिको संयुक्त आयोजनामा भिक्षुसंघलाई कथिन चीवर दान गरियो । आनन्द विहारमा भिक्षु प्रज्ञानन्द वर्षावास बस्नुभएको उपलक्ष्यमा औपचारिक रूपमा संचालित धार्मिक कार्यक्रममा भिक्षु जटिल स्थविरले कथिन दानको महत्त्वबारे धर्मदेशना गर्नुभयो । ज्ञानमाला संघ, आनन्द विहारका अध्यक्ष रत्नमान वज्राचार्यबाट धन्यवाद ज्ञापन, संयोजक एवं पूर्व अध्यक्ष राजेन्द्रमुनी शाक्यबाट स्वागत गरिएको कार्यक्रम संघका उपाध्यक्ष विनयराज वज्राचार्यले सञ्चालन गर्नुभएको संघका कार्यकारिणी सदस्य संवाददाता सुरेशमान बुद्धाचार्यले जानकारी गराउनुभयो ।

## लुम्बिनी विश्वविद्यालयमा डा. नरेशमान

१७ कार्तिक, बुद्धजन्मभूमि नेपालमा बुद्ध, बुद्धधर्म, संस्कृति, इहिास दर्शनलगायत विषयमा अध्ययन-अध्यापन गराउने उद्देश्यसहित स्थापना गरिएको लुम्बिनी बौद्ध विश्वविद्यालयमा नेपाल सरकार, शिक्षा मन्त्रालयले प्रा. डा. नरेशमान वज्राचार्यलाई नयाँ उपकुलपति पदमा नियुक्त गरेको छ । त्रिविविअन्तर्गत बुद्धधर्म अध्ययन केन्द्रीय विभागका प्रमुख भइसकनुभएका नवनियुक्त उपकुलपति उहाँ नेपाल परम्परागत बुद्धधर्म संघका अध्यक्ष हुनुहुन्छ ।



नवनियुक्त उपलकुपति प्रा. डा. नेरेशमान वज्राचार्यले थेरवाद, महायान, वज्रयान परम्पराअनुसार मंगलपाठ गराउनुभई आफ्नो पदभार ग्रहण गर्नुभयो । थेरवादअन्तर्गत अखिल नेपाल भिक्षु महासंघ, महायानअन्तर्गत नेपाल बौद्ध महासंघ तथा वज्रयानअन्तर्गत नेपाल परम्परागत बुद्धधर्म संघबाट प्रतिनिधित्व गरी उहाँले प्राप्त गरिमामय पदीयभार जिम्मेवार बोधसहित सफलतापूर्वक निर्वाह गर्न सकोस्, बुद्धधर्म सम्बद्ध सबैलाई समेटिएर विश्वविद्यालयको उत्तरोत्तर प्रगति गर्दै लान प्रतिबद्ध भई अगाडि बढ्न सकोस् भनी मैत्रीपूर्ण आशीवर्चनसहित परित्राण-पूजा-पाठ गरिएको थियो ।

पदभारसँगै उपकुलपति प्रा. डा. नरेशमान वज्राचार्यले आफू कार्य योजना-भिजनसहित प्रवेश गरेको, गर या मर (Do or Die) नीतिमा आवद्ध भई सफलतापूर्वक काम गर्ने, होइन भने छोड्ने, कुर्सि मोहले आशक्त भई जो कसैले जिम्मेवार कुर्सीमा बस्नु हुँदैन भन्ने आफ्नो मान्यता रहेको भावना उपस्थित पदाधिकारी एवं कर्मचारीहरूलाई बताउनुभयो । रजिष्ट्रार पिताम्बर यादव, डीन डा. भद्ररत्न वज्राचार्यलगयतले विश्वविद्यालयको संचालन व्यवस्थापनमा नवनियुक्त उपलकुपति रचनात्मक विकास कार्य गर्न सफल होस् भनी शुभकामना व्यक्त गर्नुभएको छ ।

## भिक्षु सागरधम्म सम्मानित

१७ कार्तिक, पोखरा । लुम्बिनीस्थित श्रीलंकन महाविहारका आवासीय नेपाली भिक्षु सागरधम्मलाई एक धार्मिक समारोहबीच "**धर्मशीला विद्वतवृत्ति-२०७१**" ले सम्मानित गरियो । पश्चिमाञ्चल क्षेत्रमा बुद्धधर्मको विकास तथा उत्थान कार्यमा थप उर्जाप्राप्त होस् भन्ने उद्देश्यसहित धर्मशीला बुद्धविहार, पोखराको संस्थापिका प्रमुख दिवंगत अनागारिका धर्मशीलाको स्मृतिमा स्थापना गरिएको "धर्मशीला विद्वतवृत्ति" बाट सम्मानित भिक्षु सागरधम्मलाई नगद राशी रू. १५,०००।- सहित सम्मान-पत्र प्रदान गरियो । सो विद्वतवृत्ति सम्मान गत वर्ष अनागारिका धजवती (कुसुम) लाई प्रदान गरिएको थियो ।

## कथिन महिनामाभरि ५२ लाख संकलन

२२ कार्तिक, काठमाडौं । थेरवादी परम्परा अनुसार भिक्षुहरूको ३ महिना वर्षावास सम्पन्न भएपछि विहार विहारमा कथिनोत्सवको आयोजना गरिन्छ । यस वर्षको कथिनमासभरि (२०७१/६/२३ देखि २०७१/७/२०सम्म) अखिल नेपाल भिक्षु महासंघद्वारा लुम्बिनीमा निर्माण भइरहेको थेरवाद बुद्धविहार निर्माण उद्देश्यसहित संघसदस्यहरू भिक्षु तथा श्रामणेरबाट प्रतिव्यक्ति रू. २५०/-, सम्बद्ध विहारमा संघदानबाट प्राप्त हुने अष्टपरिष्कार प्रतिजोर रू. १५००/- आर्थिक संकलन गर्न निर्देशन जारी गरिएको थियो । संघसदस्य भिक्षु तथा श्रामणेरबाट प्रतिव्यक्ति रू. २५०/- का दरले रू. ६,५४,२५१/-(छलाख चौवन्नहजार दुईसय एकाउन्न), सम्बद्ध विहारमा संघदान गरिएको अष्टपरिष्कारबाट रू. ३५,८०,५००/-(पैंतीसलाख असिहजार पाँचसय), श्रद्धालु दाताहरूबाट रू. १०,२४,३४५/-(दसलाख चौबिसहजार तीनसय पैंतालिस) गरी जम्मा रू. ५२,५९,०९६/-(बाउन्नलाख उनान्साठ्ठीहजार छयानब्बे) आर्थिक संकलन भएको जानकारी प्राप्त भएको छ । यस वर्ष नगदेश बुद्धविहार, ठिमीमा सबैभन्दा बढी १६४ जोर अष्टपरिष्कार

दान गरिएको थियो । अखिल नेपाल भिक्षु महासंघले सम्बद्ध सबैलाई मैत्रीपूर्ण साधुवाद व्यक्त गरेको छ ।

## पाटनमा बोधियात्रा प्रारम्भ

२२ कार्तिक, ललितपुर । महायानी धर्मगुरू छोकी निमा रिन्पोछे, थेरवादी अग्गमहापण्डित संघउपनायक डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर, वज्रयानी गुरू बुद्धरत्न वज्राचार्यले बोधियात्रा कार्यक्रमअन्तर्गत विशेष धार्मिक प्रवचन गर्नुभयो । सोही धर्मसभामा उपस्थित श्रद्धालु भक्तजनलाई छोकीनिमा रिन्पोछेले वाङ्ग अर्थात् अभिशेष प्रदान गर्नुभयो ।

## हिरण्यवर्णलाई अस्थिधातु हस्तान्तरण

२७ कार्तिक, ललितपुर । बुद्धको पवित्र अस्थिधातु सम्माननीय प्रधानमन्त्री सुशील कोइरालाको प्रमुख आतिथ्यतामा श्रीलंकाका अग्गमहापण्डित कोटुगोड धम्मावास अनुनायक थेरोबाट हिरण्यवर्ण महाविहारलाई एक धार्मिक सभाकाबीच हस्तान्तरण गर्नुभयो । विहारका अध्यक्ष विकासरत्न धाख्वाको सभापतिमा सञ्चालन सो सभामा अग्गमहापण्डित कोटुगोड धम्मावास महास्थविरले गौतम बुद्धको अस्थिधातुको ऐतिहासिक पृष्टभूमि बारे प्रकाश पार्नुभयो भने अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष भिक्षु धर्ममूर्ति महास्थविरले अनुवाद गर्नुभयो । यसरी नै भिक्षु मैत्री महास्थविर, श्रीलंकाका महामहिम राजदूत सिनेभिरत्न, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री दिपकचन्द्र अमात्यले मन्तव्य दिनुभएको सभामा महाविहारका सचिव लोकरत्न शाक्यले साधुवाद ज्ञापन गर्नुभयो । पवित्र अस्थिधातुलाई साँस्कृतिक बाजागाजासहित नगर परिक्रमा गराइएको थियो ।

## बौद्ध पुस्तक प्रदर्शनी सम्पन्न

२८ कार्तिक, ललितपुर । वरिष्ठ संस्कृतिविद्-साहित्यका एवं नेपाल भाषा एकेदेमीका कुलपति सत्यमोहन जोशीले एक सामारोहबीच बुद्धधर्म-दर्शन, इतिहास, कला, साहित्यसम्बन्धी तेश्रो वृहत बौद्ध पुस्तक प्रदर्शनीको उद्घाटन गर्नुभयो । नेपाली, नेपालभाषा, हिन्दी, थारू, अंग्रेजीलगायत भाषामा अनुवादित करिव ३००० पुस्तकहरू प्रदर्शनीमा राखिएको थियो । गोल्डेन क्लब युवक, बौद्ध मण्डलको आयोजनामा इटिटोलमा ३ दिनसम्म चलेको सो पुस्तक प्रदर्शनीमा गोल्डेन क्लबको संयोजक हिरारत्न शाक्यले स्वागत गर्दै प्रदर्शनीको औचित्यता बारे प्रकाशन पार्नुभयो । आयोजक संस्थाका प्रथम उपाध्यक्ष राजेश शाक्यको सभापतित्वमा सम्पन्न उद्घाटन सभा सचिव तेज वज्राचार्यले संचालन गर्नुभएको थियो ।

## दरवार स्क्वाय्रमा महापरित्राण

१३ मंसीर, ललितपुर । बुद्धसंवत् २५५९ औं बुद्धजयन्ती रजत महोत्सवको उपलक्ष्यमा युवक बौद्ध मण्डल, नेपालको आयोजनामा विश्वशान्तिको कामना गरी नेपाली भिक्षुसंघबाट पाटन दरवार स्क्वाय्रमा एकदिने ऐतिहासिक महापरित्राण-पाठ सम्पन्न भयो । संस्कृति मन्त्री दिपकचन्द्र अमात्य, थाइलैण्ड, श्रीलंका, म्यानमार, भारतका राजदूत तथा दूतावास प्रतिनिधिहरूको सहभागिता रहेको विहानी धर्म-सभामा अखिल नेपाल भिक्षु महासंघका महासचिव भिक्षु कोण्डन्यले धर्म-निर्देश गर्नुभयो । सभामा युवक बौद्ध मण्डल नेपालका अध्यक्ष शोभा शाक्यबाट स्वागत, कार्यकारिणी सदस्य एवं संयोजक सुश्री अरणीतारा वज्राचार्यबाट साधुवाद ज्ञापन गरिएको थियो । भिक्षुसंघ, श्रामणेर, अनागारिकाहरूलाई दान-प्रदान गरिएको कार्यक्रममा धेरै संख्यामा श्रद्धालु उपासक उपासिकाहरूको सहभागिता रहेको थियो ।

## गणविहारमा अभिनन्दन-सम्मान

१३ मंसीर, काठमाडौं । संघनायक भिक्षु अश्वघोष महास्थविर तथा भिक्षु मैत्री महास्थविरलाई गुरू-पूजापछि गणमहाविहारका प्रमुख भिक्षु शोभित महास्थविरको ३३ औं प्रव्रज्या दिवसको उपलक्ष्यमा नेपालमा थेरवाद बुद्धधर्म प्रचार प्रसार तथा उत्थान कार्यमा योगदान दिनेहरू फ्रा.खु भिक्षु सुमेध महास्थविर तथा अनागारिका किसागोतमीलाई अभिनन्दन गरियो । यसरी नै बुद्धधर्मको उत्थान तथा संरक्षण गर्न योगदान गर्नेहरू भनी डा. त्रिरत्न मानन्धर, डा. केशरीलक्ष्मी मानन्धर, डा. चुन्द वज्राचार्य, डा. केशबमान शाक्य, डा. सुवर्णलाल वज्राचार्य, डा. लक्ष्मण शाक्यलाई सम्मान-पत्र प्रदान गरियो । प्रव्रज्या दिवसकै उपलक्ष्यमा वीर अस्पतालका विरामीहरूलाई विस्कुट तथा फलफूल वितरण गरिएको थियो भने नेपाल आदर्श मा.वि. का विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण गरिएको समाचार प्राप्त भएको छ ।

## त्रिपिटक पाठ गर्न भिक्षुहरु बोधगयामा

१४ मंसिर, काठमाडौं । वर्षेनी बुद्धगयामा आयोजना भईरहेको १० औं अन्तर्राष्ट्रिय त्रिपिटक सज्झायना कार्यक्रममा सहभागी हुन अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष भिक्षु धर्ममूर्ति महास्थविरको नेतृत्वमा ३० जना नेपाली भिक्षुहरू बुद्धगयामा प्रस्थान गुर्नभएको छ । ई. सं. २००४ मा स्थापित International Tipitaka Chating Council को आयोजनमा आउँदो December 2-13 सम्म त्रिपिटकअन्तर्गत सूत्रपिटकको अंगुत्तरनिकायका पाली सूत्रहरू पाठ गरिने आयोजक समूहले जनाएको छ ।

# २३ बुँदे घोषणा-पत्रसहित लुम्बिनी अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन सम्पन्न




२९ कार्तिक, लुम्बिनी । बढ्दो शहरीकरणसंगै अन्धाधुन्द निर्माण कार्यले बौद्ध सम्पदा र संस्कृति खतरामा पुगेको भनी अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनको उद्घाटन गर्दै राष्ट्रपति डा. रामवरण यादवले स्पष्ट पार्नुभयो । सम्मेलनले मुलुकमा दिगो शान्ति स्थापना र संविधान निर्माणमा महत्त्वपूर्ण सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । राजनीतिक दलहरूले सहमतिमा संघीय लोकतान्त्रिक गणतान्त्रिक संविधान बनाउन सम्मेलनले प्रेरित गर्ने पनि उहाँको भनाई थियो । उपप्रधानमन्त्री एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्री प्रकाशमान सिंह र संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री दिपकचन्द्र अमात्यले लुम्बिनी र बुद्धधर्म विकासका लागि ठोस धारणा र कार्य योजना तयार पार्न सम्मेलन उपयोगी हुने धारणा राख्नुभयो । यसरी नै म्यानमारका धार्मिक मामिलासम्बन्धी मन्त्री ऊ सोउ विनले बौद्ध संस्कृति र सम्पदाको सरंक्षण लागि विश्व बौद्ध संघको स्थापना गर्ने प्रस्ताव राख्नुभयो ।

थेरवाद बुद्धिस्ट एकेडेमीका अध्यक्ष तथा सम्मेलनका सहअध्यक्ष भिक्षु डा. ज्ञानपूर्णिक महास्थविरले लुम्बिनीका बौद्ध सम्पदाहरूको विकास र संरक्षण कार्यमा राज्यले उच्च प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो । म्यानमारको सितागु ईन्टरनेशनल बुद्धिस्ट एकेडेमीका अध्यक्ष तथा सम्मेलनका सहअध्यक्ष भिक्षु डा. ञाणिस्सरले शान्ति समृद्ध समाज निर्माणको लागि आध्यात्मिक ज्ञानको बाटोमा लाग्नुपर्ने खाँचो औंल्याउनुभयो । लुम्बिनी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त थेरवाद बुद्धिस्ट एकेडेमी र म्यानमारको सितागु ईन्टरनेशनल बुद्धिष्ट एकेडेमीको संयुक्त आयोजनामा सो सम्मेलन भएको हो ।

२ मंसिरका दिन लुम्बिनीको गुरूयोजना अनुसार कार्य सम्पन्न गर्न सरकार र विश्वको ध्यानाकर्षण गर्दै अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन सम्पन्न भयो । लुम्बिनी, कपिलवस्तुलगायत बौद्ध-सम्पदाको संरक्षणसम्बन्धी, सामाजिक समस्या सम्बोधन गर्न बुद्धशिक्षालाई प्रचारप्रसार गर्नुपर्ने लगायत २३ बुँदे घोषणापत्र जारी गरिएको थियो । दर्जनौं पुरातत्त्वविद्, वातावरणविद्, उत्खनन्कर्ता, बौद्ध अध्येताहरूले हस्ताक्षर गरी सो घोषणापत्र जारी गरेको थियो । घोषणापत्रमा लुम्बिनीलगायत विश्वका पुरातात्त्विक र आध्यात्मिक महत्त्वका बौद्ध-सम्पदाका बारेमा चेतना अभिवृद्धि गर्ने, संसारभर बुद्धशिक्षाको प्रचारप्रसार गर्ने, लुम्बिनी र आसपासका क्षेत्रको दिगो विकासका लागि स्थानीयवासीन्दासँग समन्वय गरेर अघि बढ्ने समावेश गरिएको छ । सम्मेलनमा ३२ राष्ट्रका ४ सय प्रतिनिधिहरूले भाग लिएको थियो । गत कार्तिक २९ गतेदेखि सुरू भएको अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनमा करिब ३२ राष्ट्रका ८६ कार्यपत्र प्रस्तुत गरिएको थियो । लुम्बिनीस्थित म्यानमारको धम्म-हलमा भएको समापन समारोहमा लुम्बिनी घोषणा-पत्र जारी गरिएको थियो ।

# सार्क : बौद्ध सांस्कृतिक मार्ग बन्ने

११ मंसिर, काठमाडौं । १८ औं दक्षिण एसियाली राष्ट्रहरूबीच सम्पन्न सार्क सम्मेलनमा बुद्ध-जन्मभूमि लुम्बिनीदेखि बुद्धिस्ट सर्किट निर्माण गर्नु पर्ने बारे महत्त्वका साथ चर्चा भयो । १२ गते ३६ बुँदे घोषणा-पत्रसहित सार्क सम्मेलन सम्पन्न भयो । संस्कृतिसम्बन्धी २५ औं बुँदामा स्पष्ट उल्लेख भए अनुसार कार्यकारी प्रमुखहरूले संस्कृतिका कार्यसूचीलाई प्रभावकारी कार्यान्वयन गर्न निर्देशन दिएका छन् । उनीहरू दक्षिण एसियाली सांस्कृतिक सम्पदाको संरक्षण र पुनःस्थापनाका लागि मापदण्ड बनाउन पनि सहमत भएका छन् । नेताहरू सञ्चालन कार्ययोजनासहित सार्क सम्पदा सूची मिलेर निर्माण गर्न राजी भएका छन् । उनीहरूले २०१६ लाई **सार्क सांस्कृतिक सम्पदा वर्ष** घोषणा गरेका छन् । यसलाई सफल बनाउन कार्ययोजना तयार गर्न आवश्यक अङ्ग समेत निर्माण गरेका छन् । उनीहरू यस क्षेत्रका मुख्य ऐतिहासिक बौद्ध स्थलहरूलाई जोड्ने **सांस्कृतिक मार्ग** विकास गर्न सहमत भएका छन् । दक्षिण एसियाली क्षेत्रका इस्लाम, हिन्दु, क्रिस्चियन र अरू




मुख्य धर्मका महत्वपूर्ण र पवित्र स्थलमा जान चाहनेलाई प्रवेशमा सहजीकरण गर्न समेत नेताहरू सहमत भएका छन् ।

गौतम बुद्धको जन्मस्थल लुम्बिनीदेखि सिंगो दक्षिण एसियालाई बुद्धिस्ट सांस्कृतिक सर्किट बनाउनुपर्ने प्रस्ताव राख्नुहुने श्रीलंकाका राष्ट्रपति महिन्दा राजपाक्ष ९ गते काठमाडौं आइलगत्तै लुम्बिनी गएका थिए । उनलाई लुम्बिनी विकास कोषले नागरिक अभिनन्दन गरेको थियो ।